मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति" को कमाल
त्रिशक्ति ट्रेक्टर

● वर्ष २ ● अंक १४१ ● २०८० साल चैत्र २९ गते बिहिबार ● Thursday 11, April 2024 ● सूर्योदय: बिहान ५:४५ बजे ● सूर्यास्त: साँझ ६:२७ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-



गहुँबालीमा आगलागीः पर्सा, बहुदरमाई–७, तिन्टोलिया टोलको कब्रहगाहमा गहुँ बालीमा बुधबार दिउँसो आगलागी हुँदा केही बिघाको गहुँबाली नष्ट भएको छ । स्थानीय, वीरगंज, पोखरिया र सखुवाप्रसौनीको वारुणयन्त्रको आगो नियन्त्रणमा लिइएकाले गहुँ खेतीमा ठूलो क्षति हुनबाट जोगिएको छ । **तस्बिरः मधेशदृष्टि**

# सहकारी ठगीमा लामिछानेविरुद्ध प्रमाण

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
उपप्रधानमन्त्री एवम् गृहमन्त्री रवि लामिछानेविरुद्ध आन्दोलन चर्काइरहेको प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले आन्दोलन अरु तेज पार्ने भएका छन् । कांग्रेसका नेताहरूले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापतिसमेत रहेका लामिछानेविरुद्ध सहकारी ठगीमा ठोस र बलियो प्रमाण जुटेको भन्दै पार्टी नेतृत्वलाई पनि विश्वस्त बनाएको छ । महामन्त्री गगनकुमार थापा र विश्वप्रकाश शर्मा, संसदीय दलका सचेतक सुशीला थिङ, प्रतिनिधि सभा, राज्य व्यवस्था तथा सुशासन समिति सभापति रामहरि खतिवडासहितका नेता सहकारी ठगी प्रकरणमा लामिछाने मुछिएको प्रमाण संकलनमा जुटिरहेको पार्टी सभापति शेरबहादुर देउवालाई जानकारी गराइएको छ । मंगलबार बिहान बसेको कांग्रेस संसदीय दल बैठकमा उनीहरूले सभापति देउवालाई लामिछाने प्रकरणमा प्रमाण फेला परेको रिपोर्टिङ गरेपछि सभापति देउवा पनि विस्वस्त भएका छन् । उनले देउवाले दह्रोसँग प्रस्तुत हुन निर्देशन दिएका छन् ।

**सम्झौता नगरिने**

कांग्रेस सभापति शेरबहादुर देउवाले गृहमन्त्री लामिछानेबारे छानबिनका लागि संसदीय समिति नबन्दासम्म कुनै सम्झौता नगर्ने स्पष्ट पारेपछि संसदमा कांग्रेसको आन्दोलन यतिकै मत्थर हुने देखिएको छैन । कांग्रेस सचेतक थिङका अनुसार, लामिछानेविरुद्ध बलियो प्रमाण भएकाले नै संसदीय छानबिन समिति माग भएको हो ।
कांग्रेस प्रमुख सचेतक रमेश लेखकले पनि सहकारी ठगीमा लामिछानेको प्रत्यक्ष संलग्नताको प्रमाण रहेको दाबी गरेका छन् ।

**संसदमा रविलाई अवरोध**

संसदमा बजेट अधिवेशनको तयारी छ । निरन्तर संसद चलाउन सभामुख देवराज घिमिरेले तालिका बनाएका पनि छन् । तर, मंगलबार प्रतिनिधि सभाको बैठक सुरु हुनेबित्तिकै कांग्रेस सचेतक सुशीला थिङले लामिछानेमाथि लागेका आरोप छानबिन नगरी संसद अघि बढ्न नसक्ने अडान लिइन् ।
संसद अवरुद्ध भएपछि राजनीतिक दलसम्बन्धी ऐन गृहमन्त्रीले संसदमा टेबल गर्न पाएनन् । यतिसम्म कि रास्वपाका सांसदले बोल्नसमेत पाएनन् । रास्वपाका उपसभापति डा. स्वर्णिम वाग्लेले धेरैपटक बोल्न प्रयास गर्दा पनि पाएनन् ।

**सहमतिको प्रयास**

कांग्रेसले गृहमन्त्रीलाई बोल्न नदिने सूचना पाएपछि मंगलबार बिहान प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सत्तारुढ पाँच दल र प्रमुख प्रतिपक्षी कांग्रेसका शीर्ष नेतालाई बालुवाटारमा बोलाएर सहमति प्रयास गरे । सभामुख घिमिरेलाई समेत सहभागी गराइएको छलफलमा पनि कांग्रेसले अडान नछाडेपछि सहमति जुट्न सकेन । संसद रोकेर सभामुख घिमिरेले पनि सबै प्रमुख सचेतक र सचेतकसँग छलफल गरे । तर सहमति जुट्न सकेको छैन ।

# ८ महिनामा ३७ करोडको अवैध सामान बरामद

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा प्रहरीले चालु आर्थिक वर्षको साउनदेखि चैत २२ गतेसम्मको अवधिमा ३६ करोड ८४ लाख ८३ हजार दुई सय ६० रुपैयाँ बराबरको अवैध सामान बरामद गरेको छ । प्रहरीको सक्रियताले पछिल्ला समय दिनहुँजसो भन्सार छली गरेका तथा बिलबिजकमा भन्दा धेरै सामान ल्याएको सामग्री नियन्त्रणमा लिने क्रम बढेको छ ।
जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक कुमारविक्रम थापाले भन्सार छली तथा चोरी पैठारी र बिलबिजकभन्दा धेरै सामान ल्याउनेविरुद्ध प्रहरीले कारबाही गरिरहेको बताए । 'नेपाल प्रहरीले एक साताामा भन्सार छली गरेर ल्याएका करिब एक करोड रुपैयाँ मूल्य पर्ने सामान तथा वस्तु नियन्त्रणमा लिँदै आइरहेको छ,' उनले भने, 'चोरी–तस्करी गरेर भित्र्याएको सामान पक्राउ गरेर वीरगंज भन्सार कार्यालयलाई बुझाउने गर्छौं, बिलबिजकअनुसार नभए राजस्व अनुसन्धान कार्यालय पथलैयामा बुझाउने गरेका छौँ ।'
पर्साका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले खुला सीमाका कारण चोरी तस्करी सक्रिय भएको बताए । 'पर्सा जिल्लाको सिमाना भारतसँग एक सय ७० किलोमिटर जोडिएको छ,' उनले भने, 'चोरी तस्करी नियन्त्रण गर्न सबै निकायलाई निर्देशन दिँदै आइरहेको छु ।'
चालु आवको चैत २२ गतेसम्मको अवधिमा राजस्व अनुसन्धान कार्यालय पथलैयामा ३१ करोड ८९ लाख ७३ हजार रुपैयाँ मूल्य पर्ने सामान बुझाइएको छ । त्यस्तै, भन्सार कार्यालय वीरगंजलाई चार करोड ९५ लाख नौ हजार दुई सय ७३ रुपैयाँ मूल्य पर्ने सामान बरामद गरी बुझाएको छ ।
प्रहरीले अघिल्लो आव २०७९–८० मा ४८ करोड नौ लाख ६४ हजार छ सय ४६ रुपैयाँ मूल्य पर्ने वस्तु तथा सामान बरामद गरेको थियो । जसमा किरानाको सामान आठ करोड तीन लाख पाँच हजार नौ सय ७५ रुपैयाँ बराबरको थियो । त्यसैगरी, विद्युतीय सामग्री एक करोड ८० लाख रुपैयाँ बराबरको थियो ।
त्यसैगरी, अघिल्लो आवमै सवारीसाधनको पार्टपुर्जासम्बन्धी १५ करोड ५८ लाख ७७ हजार रुपैयाँको बरामद गरेको जिल्ला प्रहरीको तथ्याङ्कमा उल्लेख छ । लत्ताकपडा २२ करोड ३५ लाख ६६ हजार रुपैयाँ बराबरको बरामद गरेको र गत आवमा चोरी तस्करीमा संलग्न १५ अभियुक्तलाई पक्राउ गरेको प्रहरीले जनाएको छ । प्रहरीले गत आवमा ९५ सवारीसाधन नियन्त्रणमा लिएको थियो

# प्रहरी समायोजन छिट्टै टुंग्याइन्छः गृहमन्त्री




**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
गृहमन्त्री रवि लामिछानेले प्रहरी समायोजन कार्य छिट्टै टुंग्याइने बताएका छन् । उनले समायोजनका लागि धेरैजसो कार्य अझै बाँकी रहेको बताउदै त्यसलाई प्राथमिकतामा राखेर टुंग्याउन पहल थालिएको बताए ।
गृह मन्त्रालय र मधेश प्रदेश गृह, सञ्चार तथा कानुन मन्त्रालयद्वारा आयोजित प्रदेशस्तरीय सुरक्षा गोष्ठीपछि सञ्चारकर्मीहरुसँगको कुराकानीमा उनले प्रहरी समयोजनको विषयमा प्रधानमन्त्रीसमेत गम्भीर रहेको बताउँदै आउने दिनमा प्राथमिकतामा राखेर मन्त्रालयले कार्य गरिरहेको बताए । 'प्रहरी समायोजनको विषय ड्राफ्टमा आइसकेको छ, त्यसलाई अल्मल्याउने कुरै भएन,' गृहमन्त्री लामिछानेले भने, 'समायोजनको विषयमा थुप्रै काम गर्न बाँकी छन्, केही समय लाग्ला तर त्यस विषयमा सरकार गम्भीर छ ।' उनले थपे, 'प्रहरी समायोजनको विषयमा डुब्लिकेसन, चेन अफ कमाण्ड, वृत्ति विकासलगायतका थुप्रै विषयमा छलफल बाँकी छ ।' प्रहरी समायोजनकै विषयलाई लिएर प्रदेशका गृहमन्त्रीहरुसँग दुई चरणको छलफलसमेत भइसकेको उनले बताए । यद्यपि यकिन गरेर अहिले पनि प्रहरी समायोजन कहिले हुन्छ भन्ने विषयमा भन्न नसकिने उनको भनाइ थियो ।
लामिछानेले अहिले भइरहेको विभिन्न विरोधको कार्यक्रममा कानुन पालना नगरेर अराजक किसिमले गर्ने गरिएकाले समस्या देखिएको बताए । उनले विरोध प्रदर्शन गर्ने नाममा कानुनलाई आफ्नो हातमा लिने छुट कसैलाई नभएको बताए । मधेश प्रदेशमा गरिएको गोष्ठीले शान्तिसुरक्षा थप सुदृढ गर्न मदत पुग्ने उनले बताए । गृहमन्त्री लामिछानेले प्रादेशिक सुरक्षा गोष्ठीमा प्रदेशका ८ वटै जिल्लामा देखिएका समस्या पहिचान, समस्या समाधानको खोजी, शान्तिसुरक्षा, राजस्व संकलनलगायतको विषयमा छलफल भएको बताए । उनले शान्ति सुरक्षाका साथै सिमानामा हुने अवाञ्छित क्रियाकलाप तथा राजश्व सङ्कलनमा परेको नकारात्मक प्रभावसहितको विषयमा छलफल भएको बताउँदै यसले राजश्व सङ्कलनमा वृद्धि हुने विश्वास व्यक्त गरे ।
गृहमन्त्री लामिछानेले सुरक्षा गोष्ठीमा चारै सुरक्षा अङ्गका प्रमुखको सहभागिता रहेकाले यसले प्रदेशमा शान्ति सुरक्षाका साथै सेवा प्रवाह, सुशासन स्थापनमा पनि मदत पुग्ने विश्वास व्यक्त गरे । लामिछानेले स्थानीय प्रशासनले दबाब तथा प्रभावमा नपरी कानुन कार्यान्वयनमा दक्षतापूर्ण र प्रभावकारीरूपमा काम गर्न सम्बद्ध अधिकारीहरूलाई निर्देशन दिए ।
गृहमन्त्री लामिछानेले मधेश प्रदेशको सुरक्षा संवेदनशीलता, खुला सीमा, लागुऔषध दुर्व्यसनी, मिटरब्याज, विपद् व्यवस्थापनलगायतका समस्या समाधान गर्न समन्वयात्मक ढङ्गले काम गर्नेसमेत निर्देशन दिए ।

> **'मधेश प्रदेशका सुरक्षा संवेदनशीलता, यहाँका मूलभूत समस्या र चुनौती पहिचान गर्न गोष्ठी महत्वपूर्ण बनेको ठानेको छु, अब प्रदेश तथा जिल्लास्तरीय सुरक्षा नेतृत्वले सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहसँग समन्वय गरेर पहिचान भएका समस्या, लागुऔषध दुव्र्यसन नियन्त्रण, सवारी दुर्घटना न्यूनीकरण, अनुमति नलिइकन सञ्चालन गरेका र एउटा उद्देश्य लिएर अर्को काम गरेका सङ्घ, संस्था वा व्यवसाय तत्काल बन्द गराउन निर्देशन दिएको छु ।'**

मधेश प्रदेश धार्मिक पर्यटनका लागि महत्वपूर्ण स्थान भएकाले पर्यटन प्रवद्र्धनका लागि सहजीकरण, अनुचित लेनदेन (मिटरब्याज) समस्या समाधानका लागि पीडितको पक्षमा काम गर्ने तर व्यवहारिक लेनदेन र वैधानिक कारोबारलाई समेत मिटरब्याजका रुपमा स्थापित गर्ने कार्य, सीमा सुरक्षा र सीमापार अपराध नियन्त्रण, कारागार सुधारगृहका रूपमा विकास, विपद्का कारणले कुनै पनि नागरिकको ज्यान गुमाउन नपर्ने स्थिति सृजनाका लागि प्रभावकारी रुपमा काम गर्न समेत निर्देशन दिइएको गृहमन्त्री लामिछानेले बताए । उपप्रधानमन्त्री लामिछानेले सबै प्रकारको अनियमितता तथा भ्रष्टाचार छानबिन गर्न उच्चस्तरीय आयोग बन्नुपर्ने पक्षमा आफूसहित सत्ता पक्ष रहेको बताउँदै एउटा विषयमा केन्द्रित हुन नचाहेको बताए ।
मुख्यमन्त्री सरोजकुमार यादवले प्रहरीको कार्य शैलीमा परिवर्तन आवश्यक रहेको बताए । उनले प्रहरी समयोजनको विषयमा प्रधानमन्त्रीसमेत गम्भीर रहेका कारण जेठमा प्रदेश अन्तर समन्वय समितिको बैठक भएकाले यसअघि नै प्रहरी समयोजन हुनेमा आफूहरु विश्वस्त रहेको बताए । मुख्यमन्त्री यादवले जनताले प्रहरी प्रशासनमा निकै दुःख पाइरहेको बताउँदै यसमा सुधार आवश्यक रहेको बताए । उनले भने, 'सिमानाकामा जनताले अनावश्यक दुख भोगिरहेको ट्राफिक प्रहरीको आफ्नै कार्यशैलीबाट जनता पीडित भइरहेका छन्, पहुँच नभएका नागरिक गुनासो लिएर प्रहरीप्रशासनसमक्ष पुग्दा उनीहरुको कुराको सुनवाई नै हुँदैन, बिचौलिया प्रवृत्ति मौलाएको छ ।'
मुख्यमन्त्री यादवले भारतबाट दर्शनका लागि आउने श्रद्धालुहरुसँग समेत प्रहरीको व्यवहार निकै खराब रहने गरेको बताए । त्यसलाई रोक्न गृहमन्त्रीसँग आग्रह गरेको उनले बताए । उनले प्रदेशभित्र शान्तिसुरक्षाको अवस्थामा थप सुधार गर्न आवश्यक रहेको र त्यसका लागि सुरक्षा निकाय तथा स्थानीय प्रशासनसँग आवश्यक सहयोग तथा समन्वय गर्न प्रदेश सरकार तयार रहेको बताए ।
मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीले मधेश प्रदेशलाई शान्ति, सुरक्षा तथा अपराध नियन्त्रणका हिसाबले अब्बल प्रदेशका रुपमा विकास गर्न आफूहरू क्रियाशील रहेको बताए ।
गृहसचिव एकनारायण अर्यालले स्थानीय प्रशासनले सेवाप्रदायक मात्र नभएर कानुनबमोजिम काम भए नभएको नियमन गर्ने नियामकको भूमिकामा समेत प्रस्तुत हुनुपर्ने भन्दै सोहीअनुसार काम गर्नुपर्ने आवश्यकता औँल्याए ।
कार्यक्रममा अर्थसचिव कृष्णहरि पुस्कर, नेपाल प्रहरीका महानिरीक्षक वसन्तबहादुर कुँवर, सशस्त्र प्रहरी बल नेपालका महानिरीक्षक राजु अर्याल, राष्ट्रिय अनुसन्धान विभागका मुख्य अनुसन्धान निर्देशक हुतराज थापा, नेपाली सेनाका उपरथी प्रेमध्वज अधिकारीलगायत मधेश प्रदेशका आठै जिल्लाका प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधिको सहभागिता थियो ।

**मिटरब्याज पीडितसँग छलफल**

उपप्रधानमन्त्री एवम् गृहमन्त्री रवि लामिछानले मिटरब्याज पीडितलाई न्याय दिने गरी सरकारले काम गरिरहेको बताएका छन् । मिटरब्याज पीडितसँगको छलफलमा उनले घटनाको प्रकृति र वर्गीकरणअनुसार क्रमशः सबै पीडितले न्याय पाउने बताए । उनले मधेशमा धेरै समस्या देखिएका कारण यसको सुरुवात समेत मधेशबाटै गरिएको बताउदै निकै जटिल रहेको कारण यसलाई समाधान गर्न केही समय मात्रै लागेको बताउदै समाधान गरिने बताए । उनले कुनै पनि समस्याको दीर्घकालीन समाधान गर्न समय लाग्ने भए पनि समस्या समाधान गर्न आफ्नो तर्फबाट सबै किसिमले प्रयास हुने बताए ।
गृहमन्त्री लामिछानले समस्याको दीर्घकालीन समाधानका लागि बनेको दोस्रो आयोगले भर्खरै काम थालेको र जिल्लास्तरमा अनुचित लेनदेनसँग सम्बन्धित आवेदन माग्ने काम सुरु भएको बताए । घटनाको अध्ययन गरेर आयोगले निष्कर्ष दिने भएकाले केही समय धैर्य गर्न उनको आग्रह छ । छलफलमा पीडित पक्षले साहुको एकलौटी दाबीका आधारमा दायर रिटअनुसार अदालतको आदेश मुताविक आफूहरूमाथि भइरहेको धरपकड रोक्न माग गरे । पुराना निवेदनउपर कारबाही प्रक्रिया अगाडि बढाउने बहानामा इलाका प्रहरी कार्यालय र प्रहरी चौकीले पीडितको इच्छाविपरीत मिलापत्र गराउने काम भइरहेको उनीहरूको गुनासो थियो ।
मिटरब्याज पीडित संघ धनुषाका अध्यक्ष अवधेश कुशवाहासहितको टोलीसँग भएको भेटघाटमा सहमतिअनुसार पीडितलाई जिल्लामै समन्वयको अवस्थाबारे गृहमन्त्रीले जानकारी लिएका थिए । छलफलमा मिटरब्याज पीडितहरूले सहमति भएपछि जिल्लामा प्रभावकारी काम नभएको भन्दै लामिछानेसमक्ष गुनासो गरे ।

**आरतीका परिवारसँग भेट**

उपप्रधानमन्त्री एवम् गृहमन्त्री रवि लामिछानेले जनकपुरधाममा आरती साहका परिवारजनसँग छलफल गरेका हुन् । जनकपुरधाममा मधेश प्रदेशस्तरीय सुरक्षा गोष्ठीमा सहभागिताका लागि जनकपुर आएका उपप्रधानमन्त्री तथा गृहमन्त्री लामिछानेले आरती साह मृत्यु प्रकरणबारे अनुसन्धान तथा छानबिन थालिएको बताउँदै पीडित परिवारजनसँग भेटघाट गरेका थिए ।

# गण्डकीका मुख्यमन्त्रीलाई सर्वोच्चको आदेश
## 'दीर्घकालीन असर पर्ने काम नगर्नु'

**रासस**
**काठमाडौँ ।**
सर्वोच्च अदालतले गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीलाई दीर्घकालीन असर पर्ने निर्णय नगर्न अन्तरिम आदेश गरेको छ । न्यायाधीश विनोद शर्माको एकल इजलासले बुधबार निवेदनको टुङ्गो नलाग्दासम्म दीर्घकालीन असरपर्ने प्रकृतिका निर्णय नगर्न अन्तरिम आदेश गरेको हो ।

'नेपालको संविधानको धारा १८६ को अवस्थामा मात्र निर्णायक मत दिन सक्नेमा निजको संख्यासमेत गणना गरी मुख्यमन्त्री पदमा गरिएको दावीको आधारमा प्रत्यर्थी खगराज अधिकारीलाई नियुक्त गरिएको छ', आदेशमा भनिएको छ, 'संवैधानिक व्याख्याको प्रश्न, संसदीय अभ्यास, यस अदालतबाट स्थापित सिद्धान्तलगायतका विषयमा निरुपण हुन आवश्यक देखिएकाले तर सरकारको शून्यताको अवस्था सिर्जना हुन दिनसमेत नमिल्ने हुँदा प्रदेश सरकारका नियमित कार्य सञ्चालन बाहेक प्रत्यर्थी खगराज अधिकारीको नेतृत्वमा गठित प्रदेश सरकारबाट प्रस्तुत निवेदन पत्र टुङ्गो नलाग्दासम्म दीर्घकालीन असर पर्ने प्रकृतिका निर्णय नगर्नु नगराउनु ।'

अदालतले उक्त विवादको छिटो निरुपण गर्न आगामी वैशाख १० गतेका लागि अग्राधिकार दिएर सुनुवाइ गर्ने मिति समेत तय गरेको छ ।

गण्डकी प्रदेशमा नेपाली कांग्रेसका संसदीय दलका नेता एवं निवर्तमान मुख्यमन्त्री सुरेन्द्र पाण्डेले मङ्गलबार मुख्यमन्त्री अधिकारीले सभामुखलाई समेत जोडेर बहुमत बनाउनु असंवैधानिक भएको भन्दै रिट निवेदन दायर गरेका थिए ।

रिट निवेदनमा यही चैत २५ गते अधिकारीले जालझेल गरी दूषित तवरले दाबी पत्र पेश गरेको र अधिकारीलाई मुख्यमन्त्रीका रुपमा कामकारबाही गर्न नदिने आदेशको माग गरिएको थियो । रिट निवेदनमा सभामुख तटस्थ व्यक्ति भएकाले कुनै पनि दलका लागि बहुमत पुऱ्याउन नमिल्ने जिकिर गरिएको थियो । यसअघि, कोशी प्रदेशमा नेकपा (एमाले) ले नेपाली कांग्रेसविरुद्ध सोही आधारको रिट निवेदनमा सर्वोच्च अदालतले सभामुखको मत जोड्न नपाउने आदेश गरेको थियो ।

# पर्यटन राजधानीमा 'सावर बञ्जी'

**रासस**
**गण्डकी ।**
पर्यटन राजधानी पोखरामा नयाँ पर्यटकीय गतिविधिका रुपमा हाइग्राउण्ड एडभेन्चर्स नेपालले आजदेखि सावर बञ्जी शुभारम्भ गरेको छ । पोखरा महानगरपालिका वडा नं २५ हेम्जामा विभिन्न साहसिक पर्यटकीय गतिविधि सञ्चालन गरिरहेकोमा कम्पनीले सावर बञ्जी पनि सञ्चालनमा ल्याएको संस्थाका निर्देशक तथा प्रमुख सञ्चालक अधिकृत दिनेश महर्जनले जानकारी दिए ।



'हाइग्राउण्ड एडभेन्चर्स नेपालले सन् २०१२ देखि पोखरामा साहसिक पर्यटकीय प्रडक्टका रुपमा विभिन्न गतिविधि सञ्चालन सुरु गरेको हो,' उनले भने, 'सुरुमा जीपलाइनमात्रै सुरु गरिएकोमा त्यसपछि बञ्जी, स्वीङ र एटिभिलगायतका प्रडक्ट थपिएको हो ।' साहसिक पर्यटकीय क्षेत्रमा यी गतिविधिको सञ्चालनले कुनै न कुनै रुपमा योगदान पु¥याएको उहाँले बताए ।

सावर बञ्जी नेपालको पहिलो र एकमात्र भएको उल्लेख गर्दै निर्देशक महर्जनले यसमा रमाउन चाहने स्वदेशी तथा विदेशी पर्यटकले पानीको फोहरामा फरक अनुभव लिन पाउने बताए ।

उनका अनुसार बञ्जीका क्रममा ८२ मिटर माथिबाट हामफालेका पर्यटक तल झरिसकेपछि पानीको फोहरामा रमाउन पाउनेछन् ।

यसका लागि आन्तरिक तथा बाह्य पाहुनाले प्रतिव्यक्ति रु छ हजार पाँच सय तिर्नुपर्नेछ । यो शुल्कमा भिडियो, फोटो र टिसर्ट पनि निःशुल्क उपलब्ध हुनेछ ।

एकदिनमा करिब ६० जना पर्यटकलाई सावर बञ्जीको अनुभव दिलाउन सकिने जनाइएको छ ।

हाइग्राउण्ड एडभेन्चर्समा शरद गोल्छा, भरत गोल्छा, अभिनव चुरिवाल र दिनेश महर्जनले संयुक्त लगानी गरेका हुन् । सावर बञ्जी सञ्चालन गर्नका लागि मात्र थप करिब ५० लाख रुपैयाँ लगानी गरेको कम्पनीले हालसम्म यहाँ करिब ५० करोड रुपैयाँ गरिसकेको जनाएको छ ।

पर्यटन राजधानी घोषणा भएको पोखरा साहसिक पर्यटनको पनि आकर्षक गन्तव्य रहेको पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठ बताए । पोखरामा पर्यटकको बसाइ लम्ब्याउनका लागि नयाँ पर्यटकीय गतिविधिका रुपमा सावर बञ्जी विशेष महत्वपूर्ण बन्ने अपेक्षा लिइएको उनले बताए ।

शुभारम्भका अवसरमा पर्यटनविज्ञ वासु त्रिपाठी, टान गण्डकी प्रदेशका अध्यक्ष धर्मराज पन्थी, नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयका बरिष्ठ अधिकृत कुन्दन मिश्र, नाट्टा गण्डकी प्रदेशका अध्यक्ष हरिराम अधिकारी, होटेल सङ्घ पोखराका अध्यक्ष लक्ष्मण सुवेदीलगायतले पर्यटन राजधानी घोषित पोखरामा पर्यटकको बसाई लम्ब्याउनका लागि पर्यटकीय गतिविधि बढ्नु जरुरी रहेको धारणा राखे । सावर बञ्जी पोखराका पर्यटकीय गतिविधिमा अर्को महत्वपूर्ण उपलब्धि भएको बताउँदै उनीहरूले व्यवसायिक सफलताको शुभकामना व्यक्त गरे ।

# नेकपा एसको मकवानपुर अधिवेशनका लागि उपसमिति गठन

**मधेशदृष्टि**
**मकवानपुर ।**
नेकपा (एकीकृत समाजवादी) मकवानपुरको आगामी वैशाख १५ र १६ मा हुन लागेको जिल्ला अधिवेशनका लागि आवश्यक तयारीलाई तिब्रता दिइएको छ । हेटौंडास्थित रोयल पार्टी प्लालेशमा विहान ११ बजेबाट सुरु हुने अधिवेशनको एकीकृत समाजवादीका केन्द्रीय अध्यक्ष एवम् पूर्व प्रधानमन्त्री माधव कुमार नेपालले उद्घाटन गर्ने तयारी छ । अधिवेशनले पार्टी मकवानपुरका लागि नयाँ नेतृत्व चयन गर्नेछ ।

बुधबार पार्टी मकवानपुरका अध्यक्ष विष्णु प्रसाद दाहालको अध्यक्षतामा बसेको जिल्ला कमिटी मकवानपुरको बैठकले अधिवेशन सफलतापूर्वक सम्पन्न गर्न विभिन्न उपसमितीहरु गठन गर्ने निर्णय गरेको छ । अधिवेशनको आवश्यक तयारीका लागि विष्णुप्रसाद दाहालको संयोजकत्वमा जनपरिचालन उपसमिति र प्रतिवेदन तयारी उपसमिति, ध्रुवबहादुर भुजेलको संयोजकत्वमा प्रतिनिधी व्यवस्थापन उपसमिति र आर्थिक उपसमिति, कविन पन्तको संयोजकत्वमा हल तथा मञ्च व्यवस्थापन उपसमिति, किरणमान बलको संयोजकत्वमा स्वयम् सेवक उपसमिति गठन गरिएको छ । त्यस्तै, रामकुमार एलनको संयोजकत्वमा प्रचार प्रसार उपसमिति, किशोर टन्डनको संयोजकत्वमा आवास तथा भोजन व्यवस्थापन उपसमिति, लोकनाथ दाहालको संयोजकत्वमा स्वास्थ्य उपसमिति, सानुभाई विकको संयोजकत्वमा सांस्कृतिक उपसमिति गठन गरिएको छ ।

बैठकमा एकीकृत समाजवादीका स्थायी कमिटि सदस्य ललितबहादुर बस्नेत, पार्टी स्थायी कमिटि सदस्य एवम् पूर्व स्वास्थ्यमन्त्री विरोध खतिवडा, केन्द्रीय सदस्य एवम् मकवानपुर इन्जार्ज मुनु सिग्देल, केन्द्रीय सदस्य राजाराम स्याङ्तान, पार्टी बागमती प्रदेश समितिका सचिव समेत रहेका बागमती प्रदेश सरकारका श्रम, रोजगार तथा यातायात मन्त्री, पार्टी केन्द्रिय सदस्य एवम् हेटौंडा उपमहानगरपालिकाका प्रमुख मीना कुमारी लामा, पार्टी केन्द्रीय परिषद् सदस्य यादव गजुरेल लगायतको सहभागिता थियो ।

# जनप्रतिनिधि र कर्मचारीलाई निःशुल्क स्वास्थ्य सेवा

**रासस**
**काठमाडौँ ।**
काठमाडौँ महानगरपालिकाले निजामती कर्मचारी अस्पतालसँगको सहकार्यमा जनप्रतिनिधि, कर्मचारी, ज्येष्ठ नागरिक र महानगरवासीलाई निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्ने भएको छ । उक्त कार्यका लागि कामपा र निजामती अस्पतालबीच सहमति भइसकेको कामपाका प्रमुख प्रशासकीय अधिकृत प्रदीप परियारले जानकारी दिए । उनका अनुसार सार्वजनिक साझेदारीको अवधारणाअनुरूप आपसी समन्वय र सहकार्यका माध्यमबाट महानगरवासीलाई नेपालको संविधानले प्रत्याभूत गरेको स्वास्थ्यसम्बन्धी हक उपलब्ध गराउन आपसी क्षमता आदानप्रदान गर्ने उद्देश्यले समझदारीपत्रमा हस्ताक्षर भएको हो । यसबाट नागरिकले स्वास्थ्य परीक्षण तथा आकस्मिक स्वास्थ्य सेवा सहज रुपमा पाउने उनको भनाइ छ ।

समझदारीबमोजिम महानगरले सिफारिस गरेका ७५ वर्ष उमेर समूहमाथिका ज्येष्ठ नागरिक, महिलाको स्तन र पाठेघरको मुखको क्यान्सर परीक्षण, जनप्रतिनिधि कर्मचारीको पूर्ण स्वास्थ्य जाँचसहितका काममा सहकार्य हुने भएको परियारले जानकारी दिए । उनका अनुसार ज्येष्ठ नागरिकका लागि अस्पतालमा छुट्टै परीक्षण कक्ष स्थापना गरेर इसिजी, ब्लड सुगर, सिबिसी, एक्स–रेसहित १० किसिमका स्वास्थ्य परीक्षण हुनेछन् । महिलाहरूमा देखा पर्नसक्ने स्तन क्यान्सर र पाठेघरको मुखको क्यान्सर पहिचानका लागि महानगरले प्रजनन उमेरका महिलाका लागि सञ्चालन गर्ने शिविरबाट पठाइएकाको एचपिभी डिएनए परीक्षण, बायोप्सी, लिप परीक्षण (लुप इलेक्ट्रो सर्जिकल एक्सिसन प्रोसिड्युर) र मेमोग्राम परीक्षण हुनेछन् ।

यस्तै, परिचयपत्र वा सिफारिसका आधारमा कर्मचारी र जनप्रतिनिधिका लागि युएसजी, इसिजी, युरिन, ब्लड सुगर, लिपिड प्रोफाइलसहित विभिन्न १६ किसिमका परीक्षण हुने कामपाका प्रमुख प्रशासकीय अधिकृत परियारले जानकारी दिए । उनका अनुसार माथि उल्लिखित सेवा प्राप्त गर्नका लागि तोकिएबमोजिम बिरामीलाई कामपाले सिफारीस गर्नुपर्ने छ । सिफारिसपत्रका आधारमा निजामती अस्पतालले सेवा सहमतिअनुसारको सेवा उपलब्ध गराउनेछ । उपचारमा लागेको खर्च कामपाले उपलब्ध गराउने जनाइएको छ ।

महानगरपालिकाका स्वास्थ्य प्रवर्द्धन केन्द्रबाट पठाइएका बिरामीको छुट्टै कक्षबाट उपचार गरिनेछ ।

उक्त केन्द्रबाट गरिएका जाँच तथा स्वास्थ्य परीक्षण प्रतिवेदनलाई अस्पतालले मान्यता दिनेछ । अस्पतालले महामारी तथा आकस्मिक रूपमा देखा पर्न सक्ने रोगको न्यूनीकरण, रोकथाम र उपचार, स्वास्थ्य बीमा सञ्चालनमा सहजीकरण, स्वास्थ्य प्रणालीमा सुधार, स्रोत साधन तथा उपकरणको व्यवस्थापन र भौतिक संरचना निर्माण तथा मर्मतसम्भारको विषयमा पनि कामपासँग सहकार्य गर्न सकिने जनाएको छ ।

# 'सीमा समस्या छिटो समाधान गनुपर्छः श्रेष्ठ



**रासस**
**कीर्तिपुर ।**
सीमाविद् बुद्धिनारायण श्रेष्ठले ठोस् कूटनीतिक पहलमार्फत छिमेकी देशसँगको सीमा समस्यालाई जतिसक्दो छिटो पार लगाउनुपर्ने धारणा राखेका छन् । त्रिभुवन विश्वविद्यालयको उपलकुलपति कार्यालयमा बुधबार आयोजित कार्यक्रममा यसवर्षको दण्डपाणि–नन्दकुमारी अज्र्याल स्मृति पुरस्कारबाट सम्मानित भएपछि उनले छिमेकी देशसँग नेपालको सीमासम्बन्धी समस्या समाधान गर्नुपर्नेमा जोड दिए ।

विश्वविद्यालयका उपकुलपति प्राध्यापक डा केशरजङ बराललले उनलाई पुरस्कार प्रदान गरे । देशको सीमासम्बन्धी खोज अनुसन्धान तथा जागरणमा विषेश योगदान पु¥याएवापत सीमाविद् श्रेष्ठलाई यो पुरस्कार प्रदान गरिएको हो । लामो समय अन्तर्राष्ट्रिय सीमासम्बन्धी अध्ययन अनुसन्धानमा संलग्न श्रेष्ठले छिमेकी मुलुकसँगको सीमा विवाद यथासक्य छिटो समाधान गर्नुपर्ने समेत बताए । 'छिमेकसँगको साँध सीमा विवादलाई लामो सयमसम्म राखिरहनु कसैको पनि हितमा हुँदैन' उनले भने ।

सो अवसरमा उपकुलपति बराललले देशको सीमा र त्यसका विविध पक्षबारे सबैभन्दा जानकार सीमाविद् श्रेष्ठ नै भएको बताए । कुनै पनि नागरिकलाई आफ्नो देश चिन्न सीमाविद् श्रेष्ठकै अनुसन्धानले मद्दत गर्ने भएकोले दण्डपाणि–नन्दकुमारी अज्र्याल स्मृति पुरस्कार योग्य व्यक्तित्वले पाएको उनको भनाइ थियो । इतिहास, संस्कृति र ज्योतिष क्षेत्रका सर्जक स्व दण्डपाणि अज्र्यालको स्मृतिमा २०६३ सालमा स्थापित यो पुरस्कार हालसम्म ज्ञानमणि नेपाल, प्राध्यापक दिनेशराज पन्त, सत्यमोहन जोशी, प्रा डा सुरेश राज शर्मा, मदमणि दीक्षित, मोदनाथ प्रश्रित, जगमान गुरुङलगायतका प्रतिभालाई प्रदान गरिसकिएको छ ।

# स्वास्थ्य सेवा सबैको पहुँचमा पुऱ्याउन आवश्यकः राष्ट्रपति

**रासस**
**काठमाडौँ ।**
राष्ट्रपति रामचन्द्र पौडेलले संविधानले प्रत्येक नागरिकको पहुँचमा आधारभूत स्वास्थ्य सेवा पुग्नेगरी व्यवस्था गर्नका लागि प्राथमिकता दिएको बताउँदै सो व्यवस्था कार्यान्वयन हुनुपर्नेमा जोड दिएका छन् । नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को ३३औँ वार्षिकोत्सवका अवसरमा बुधबार आयोजित स्वास्थ्य तथा जनसंख्या वैज्ञानिकको १०औँ राष्ट्रिय शिखर सम्मेलनको शुभारम्भ गर्दै उनले आधारभूत स्वास्थ्य सेवा पूर्णतरुपमा निःशुल्क बनाउनुपर्ने आवश्यकता औंल्याएका हुन् ।

'संविधानले प्रत्येक नागरिकको पहुँचमा आधारभूत स्वास्थ्य सेवा पुग्नेगरी व्यवस्था गर्न, सेवालाई पूर्णतया निःशुल्क बनाउन र सबैको समान पहुँच र हिस्सेदारी कायम गर्ने व्यवस्थालाई प्राथमिकता दिएको छ' उनले भने, 'संविधानको यो व्यवस्थाको कार्यान्वयन गर्न सरकार गम्भीर भएर सोच्नुपर्छ ।'

उनले आधुनिक समयमा स्वास्थ्य क्षेत्रमा रहेका विभिन्न समस्याको पहिचान गर्न तथा ती समस्याको समाधानका लागि यस क्षेत्रमा निरन्तर अध्ययन, अनुसन्धान र विकास हुन पनि जरुरी रहेको बताए । उनले बदलिँदो परिवेशअनुसार नसर्ने रोग, जलवायु परिर्वतन, सङ्क्रामक रोगइत्यादि मुद्दालाई विशेष प्राथमिकतामा राख्न सुझाव दिए ।

'यस सम्बन्धी अध्ययन अनुसन्धानलाई आगामी दिनमा अझै सक्रिय भएर अगाडि बढ्नुपर्ने आजको आवश्यकतालाई ध्यान दिनुपर्छ । म स्वास्थ्य वैज्ञानिकलाई स्वास्थ्यमा सर्वव्यापी पहुँच सुनिश्चित गर्न, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले अवलम्बन गर्ने नीति तथा रणनीतिलाई सघाउन तथ्यमा आधारित प्रमाण जुटाउने कार्यमा तदारुकताका साथ लाग्न आग्रह गर्दछु' उनले भने । राष्ट्रपति पौडेलले स्वास्थ्य क्षेत्रले विभिन्न राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय दस्तावेजद्वारा निर्दिष्ट लक्ष्य तथा दिशाको आधारमा अवलम्बन गरेका स्वास्थ्य क्षेत्रका लक्ष्य प्राप्त गर्न, नेपाल सरकारले स्वास्थ्य अनुसन्धानमा लगानी बढाउन र नवप्रर्वतनलाई प्रोत्साहित गर्नु जरुरी रहेको उल्लेख गर्दै अनुसन्धानका निष्कर्षलाई व्यावहारिक समाधानमा रुपान्तरण गर्न शैक्षिक संस्था, उद्योग र सरकारबीचको सहकार्यलाई पनि बढावा दिनुपर्ने धारणा व्यक्त गरे ।

उनले परिषद्ले नेपालमा विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड–१९ बारेमा विभिन्न वैज्ञानिक अध्ययन अनुसन्धान गरी यस महामारीको रोकथाम तथा नियन्त्रणमा खेलेको भूमिको प्रशंसासमेत गरे । राष्ट्रपति पौडेलले भने, 'स्वास्थ्य र जनसंख्या क्षेत्रमा देशभित्रै अधिकतम ज्ञान र सीपको अभिवृद्धि गर्न, यथेष्ट अध्ययन र अनुसन्धानको वातावरण तयार गर्न, प्रतिभा पलायन रोक्न तथा सार्वजनिक स्वास्थ्यमा आम जनताको पहुँच स्थापित गर्न सरकारले चाल्नुपर्ने कदमबारे यस शिखर सम्मेलनले समयसापेक्ष उपयुक्त सुझाव दिने छ भन्ने मैले आशा लिएको छु । हाम्रो स्वास्थ्य क्षेत्रलाई आधुनिक, विकसित, सहज एवम् सर्वसुलभ बनाउन स्पष्ट, वस्तुनिष्ठ र ठोस् राय सुझाव दिनेछभन्नेपनिविश्वासलिएकोछु ।'

'दिगो विकासका लक्ष्यहरु प्राप्तिका लागि स्वास्थ्य र जनसंख्यासम्बन्धी अनुसन्धान र नवप्रवर्तन', नारासहितको स्वास्थ्य तथा जनसंख्या वैज्ञानिकको तीन दिने शिखर सम्मेलन आजदेखि सुरु भएको हो । उक्त सम्मेलनमा उपप्रधान एवं स्वास्थ्य तथा जनसंख्यामन्त्री उपेन्द्र यादवले वैज्ञानिक अध्ययन अनुसन्धानबिना समृद्धि, विकास र समाजवादको कल्पना गर्न नसकिने बताए । देश र समाज अनुकूल नीति निर्माणका लागि अनुसन्धानबाट प्राप्त तथ्य तथ्याङ्कको महत्वपूर्ण स्थान रहेको उनको भनाइ थियो ।

'स्वास्थ्य क्षेत्रमा तथ्यफरक नीति निर्माण गर्न र दिगो विकासको लक्ष्य हासिल गर्न अनुसन्धानको महत्वपूर्ण भूमिका हुन्छ । स्वास्थ्य अनुसन्धानले महत्वपूर्ण तथ्य प्रमाणका आधारमा विश्वव्यापी स्वास्थ्य चुनौतीको सामना गर्दै दिगो विकासका लक्ष्य प्राप्त गर्न हाम्रा प्रयासलाई मार्गदर्शन गर्दछ । स्वास्थ्य अनुसन्धानले हामीलाई उदयमान स्वास्थ्य क्षेत्रका नयाँ प्रविधि र समस्या पहिचान गरी समयमा सम्भावित विकल्पको आकलन गर्न सक्षम बनाउँछ' उनले भने, 'अनुसन्धानले दिगो विकासको मूल सिद्धान्तअनुरुप स्वास्थ्य क्षेत्रमा विद्यमान असमानतालाई सम्बोधन गर्दै समताको प्रवद्र्धन गर्न महत्वपूर्ण भूमिका खेल्छ ।'राष्ट्रिय योजना आयोगका सदस्य सचिव प्रा डा शिवराज अधिकारीले परिषद्ले स्थापनाकालदेखि स्वास्थ्य क्षेत्रमा हुने अनुसन्धानको नियमन, गुणस्तरीय अध्ययनको प्रोत्साहनका लागि वातावरण तयार पार्न र त्यसबाट प्राप्त तथ्य तथ्याङ्कका आधारमा स्वास्थ्यसम्बन्धी नीति, योजना र कार्यक्रम तर्जुमा गर्न महत्वपूर्ण भूमिका खेलेको भन्दै प्रशंसा गरे । उनले यस सम्मेलनले स्वास्थ्य क्षेत्रमा खोज अनुसन्धानलाई फरक तरिकाले अघि बढाउन सहयोग गर्ने विश्वाससमेत व्यक्त गरे । मन्त्रालयमा सचिव डा रोशन पोखरेलले सम्मेलनले आगामी दिनमा नीति तथा योजना बनाउन सहयोग गर्ने विश्वास व्यक्त गरे । यस्तै परिषद्का अध्यक्ष प्रा डा गेहनाथ बराललले दिगो विकासको लक्ष्य प्राप्तिका लागि स्वास्थ्य क्षेत्रमा अनुसन्धानका प्राथमिकता र पूर्ण सङ्कल्प निर्माण गर्न सम्मेलनले मद्दत गर्ने बताए । उनले सम्मेलनमा देश तथा विदेशका अनुसन्धानकर्ता र विज्ञबीचको बौद्धिक छलफल हुने बताए ।

# कोशी प्रदेशसभाको अधिवेशन आव्हान

**मधेशदृष्टि**
**विराटनगर ।**
कोशी प्रदेशका प्रदेश प्रमुख परशुराम खापुङले कोशी प्रदेशसभाको अधिवेशन आव्हान गरेका छन् ।

कोशी प्रदेशसभाको सम्पूर्ण सदस्य संख्याको एक चौथाइभन्दा बढी प्रदेशसभा सदस्यहरुले चैत २६ गते लिखित अनुरोध गरी अधिवेशन आव्हान गर्न अनुरोध गरेका थिए । सोही अनुरोधको आधारमा प्रमुख खापुङले नेपालको संविधानको धारा १८३ को उपधारा (३) बमोजिम विसं २०८१ वैशाख ६ गते दिनको १ बजे कोशी प्रदेशसभा हल विराटनगरमा अधिवेशन आह्वान गरेको प्रदेश प्रमुख कार्यालयका प्रवक्ता नरेन्द्रकुमार श्रेष्ठद्वारा हस्ताक्षरित आजको विज्ञप्तिमा उल्लेख छ ।

# सर्लाहीमा अस्थायी र करार शिक्षक हट्ने

**मधेशदृष्टि**
**सर्लाही ।**



सर्लाहीमा प्राथमिक तहको अस्थायी तथा करार शिक्षक हट्ने भएका छन् । सर्लाही भरिमा २०७६ पुस १ गते पछि नियुक्त भएका सबै अस्थायी तथा करार शिक्षक हट्ने शिक्षा विकास तथा समन्वय इकाइ सर्लाहीले जनाएको छ । शिक्षक सेवा आयोगबाट सर्लाहीका लागि सिफारिस भएका प्राथमिक तहका स्थायी शिक्षक उम्मेदवार एक सय ८३ जना थप्रे भएकोले सर्लाहीका ७७ जना अस्थायी/करार शिक्षक विस्थापित हुने शिक्षा विकास तथा समन्वय इकाइ सर्लाहीका प्राविधिक सहायक सुनिल कुशवाहाले जानकारी दिए । उनका अनुसार यसरी हट्ने शिक्षकहरु मध्ये २०७६ सालका १७ जना, २०७७ सालका चार जना, २०७८ सालका २७ जना, २०७९ सालका १६ जना र २०८० सालका १३ शिक्षक रहेका छन् ।

त्यसैगरी शिक्षा विकास तथा समन्वय इकाइ, सर्लाहीमा उपलब्ध अभिलेख अनुसार सर्लाहीको २० पालिकाहरु मध्ये अस्थायी तथा करार शिक्षकहरु सबैभन्दा बढि बलरा नगरपालिकाबाट १७ जना, रामनगर गाउँपालिकाबाट ८ जना, धनकौल गाउँपालिकाबाट २ जना, विष्णु गाउँपालिकाबाट ५ जना, गोडैता नगरपालिकाबाट ५ जना, कौडेना गाउँपालिकाबाट १ जना, मलंगवा नगरपालिकाबाट ४ जना, ब्रह्मपुरी गाउँपालिकाबाट ४ जना, कविलासी नगरपालिकाबाट ५ जना रहेका छन् । त्यस्तै, हरिपूर्वा नगरपालिकाबाट १ जना, बरहथवा नगरपालिकाबाट ५ जना, पर्सा गाउँपालिकाबाट २ जना, हरिपुर नगरपालिकाबाट ३ जना, लालबन्दी नगरपालिकाबाट ४ जना, वागमती नगरपालिकाबाट ६ जना र इश्वरपुर नगरपालिकाबाट ५ जना रहेका छन् । उनीहरु सबै २०७६ पुस १ गते पछिका अस्थायी÷करार नियुक्त शिक्षक हुन् ।

सर्लाहीमा प्राथमिक तहमा सरुवा तथा अनिवार्य अवकाश भई रिक्त शिक्षक १ सय ६ जना रहेको थियो । सर्लाही जिल्लामा सामुदायिक विद्यालयको संख्या ५ सय भन्दा बढी रहेको छ । सर्लाहीमा न्यूनतम आवश्यक दरबन्दी प्रावि तहमा २ हजार ५९ जना शिक्षकमध्ये १ हजार २ सय २१, आधारभुत तहमा ६ सय २८ जना जसमध्ये ३ सय ९७ जना, मावि तहमा ४ सय ५५ जसमध्ये दरबन्दी २ सय ६३ जना, उच्च माध्यमिक तहमा १ सय १४ मध्ये ८३ जना शिक्षकको मात्र दरबन्दी रहेको छ । २०५२ पछि स्वीकृत शिक्षक दरबन्दी र २०६७ पछि शिक्षक अनुदान कोटा(राहत) नथपिएको र दिनानुदिन विद्यालयहरूमा कक्षा थप र नयाँ विद्यालय स्थापनाको क्रम जारी छ । अहिले विद्यार्थी संख्याको आधारमा शिक्षक नथपिदा सर्लाहीका सामुदायिक विद्यालयहरूमा शिक्षकको अभाव भएको शिक्षा विकास तथा समन्वय इकाइका प्राविधिक सहायक कुशवाहाले बताए ।

# पर्वहरुले सद्भाव कायम गर्न टेवा पुग्ने छः उपराष्ट्रपति

**मधेशदृष्टि**
**वीरगंज ।**



उपराष्ट्रपति रामसहाय प्रसाद यादवले नेपालमा मनाइने विभिन्न पर्वहरुले समाजमा सद्भाव कायम गर्न टेवा पुग्ने विश्वास व्यक्त गरेका छन् । इस्लाम धर्मावलम्बीहरुले मनाउने महान पर्व ईदको अवसरमा शुभकामना सन्देश जारी गर्दै उपराष्ट्रपति यादवले पर्वहरुले समुदाय, समाज र मुलुकमा एकता, सद्भाव, भाइचारा, मेलमिलाप, अपनत्वभावलाई प्रोत्साहन गर्दै मौलिक संस्कृति र परम्पराको संरक्षण, सम्वद्र्धन र विकासमा टेवा पुग्ने विश्वास व्यक्त गरेका हुन् ।

नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक तथा बहुधार्मिक मुलुक भएकोले विविधतामा एकता हाम्रो मौलिक पहिचान र विशेषता उनले उल्लेख गरेका छन् । उनले शुभकामना सन्देश दिदै भनेका छन्, 'ईदले राष्ट्रिय एकता र सांस्कृतिक ऐक्यवद्धताको भावना सबल र सुदृढ्ढ गर्दै सभ्य, शान्त, समुन्नत र समृद्ध समाज निर्माणमा थप प्रेरणा प्रदान गर्न सकोस् । लोकतन्त्र, सामाजिक न्याय, स्वाधीनता, राष्ट्रिय अखण्डता र राष्ट्रियतालाई थप बलियो बनाउन यो पर्वले प्रेरित गर्ने विश्वासका साथ शुभकामना व्यक्त गर्दछु ।' खुशी, भाइचारा, सद्भाव, मेलमिलाप, सामूहिकतामा एकता र क्षमाको प्रतीकका रुपमा रहेको 'ईद–उल–फित्र' पर्वले सबैलाई एकआपसमा मिलेर बस्न सन्देश मात्रै दिँदैन गरीब र सहयोगको आवश्यकता रहेकाहरुलाई मद्दत गर्न समेत उत्प्रेरित गर्ने गरेको उनको भनाइ छ ।

'नयाँ–नयाँ कपडा लगाउने, नमाज पढ्ने, एक अर्कासंग गला मिलाउँदै बधाई, शुभकामना र उपहारहरु साटासाट गरी मनाइने 'ईद–उल–फित्र' का दिन विशेष परिकारहरु बनाएर खाने र खुवाउने परम्परा छ । ईदको चन्द्रमा हेरेर सबैलाई 'चाँद मुबारक' वा 'ईद मुबारक' भन्ने चलन छ । साथै मानिसहरु आफ्नो श्रद्धा अनुसार कमाएको रकममध्ये केही हिस्सा दान दिने चलन पनि रही आएको छ' उनले भनेका छन्, 'यसले यो पर्वको महत्व झनै बढाएको विश्वास व्यक्त गर्दछु ।' इस्लाम धर्मावलम्बीहरुले सूर्योदयदेखि सूर्य अस्ताएसम्म लगातार एक महिनाका दिनमा निर्जल उपवास÷व्रत पूरा भएको भोलिपल्ट यो पर्व धुमधामका साथ मनाउँदछन् । रमजानलाई अल्लाहको रहमत महिनाको रुपमा पनि चिनिन्छ । रमजान पवित्र महिनामा मुस्लिम समुदायले आत्म–संयमको पालना गर्दै रोजा (उपवास) बस्ने र अल्लाहको इबादत गर्ने परम्परा छ ।

# रौतहट क्यानलाई तत्काल खारेज गर्न माग



**मधेशदृष्टि**
**रौतहट ।**

रौतहट क्यानलाई खारेजीको माग गर्दै रौतहट जिल्लाका क्रिकेट खेलका प्रेमीहरू क्यानको केन्द्रीय कार्यालय मूलपानी काठमाडौँमा क्यानका कार्यालय सचिव उदय प्रकाश साहलाई ध्यााकर्षण सहितको ज्ञापनपत्र बुझाएका छन् । रौतहटमा हालै सम्पन्न पालिका कपमा विवादि बनेको विषयलाई समेत उल्लेख गर्दै उनीहरुले यस्ता क्रियाकलापले खेल जगतप्रति नै निरासा थप्ने काम गरेको जनाएका छन् । त्यसैले तत्काल रौतहट क्यानलाई विधान खारेजी गरी समग्र जिल्लाको समान पहिचान स्वामित्व र सहभागिता सुनिश्चित हुनेगरी कुशल एवम वास्तविक खेलप्रेमीहरुको नेतृत्वमा नयाँ कार्य समिती यथाशिघ्र चयन गर्न माग गरेका छन् । आफूहरुका मागहरु सम्बोधन नभए संर्घषका कार्यक्रमहरु सार्वजनिक गर्ने चेतावनी समेत दिएका छन् ।

'नेपाली क्रिकेट क्षेत्रमा आमुल्य परिवर्तनसहित यस क्षेत्रको संरक्षण र विकासका लागि अहोरात्र लागेको गरिमामय एवम समानित संस्था क्यानको ओज र गरिमामयमा कालो धब्बा हुनेगरी विगत लामो समयदेखि रौतहट क्यानको गलत हर्कत एवम् भूमिकाप्रती हाम्रो गम्भीर ध्याानकर्षण भएको' ज्ञापनपत्रमा भनिएको छ ।

उक्त टोलीमा रौतहट जिल्लाका विभिन्न स्थानिय तह फतुवा विजयपुर नगरपालिकाबाट विजय यादव निर्विज, रामशरण यादव, विटुबाबु पटेल, चन्दन यादव, मौलापुर नगरपालिकाबाट, अखिल यादव, बिरबल यादव, गरुडा नगरपालिकाबाट चन्दन पटेल, सन्तोष यादव, कटहरिया नगरपालिकाबाट धरमेन्द्र साह, चन्द्रपुर नगरपालिकाबाट चन्द्रिका साह, विजय साह, माधव नारायण नपाबाट प्रिन्स साह, लगायतका क्रिकेट प्रेमीहरुले क्यानको ध्यानाकर्षण गराएका हुन् ।

# राजपाका केन्द्रीय सदस्य साह आजपा प्रवेश



**मधेशदृष्टि**
**रौतहट ।**

तत्कालीन सद्भावना पार्टीका सिरहा जिल्ला अध्यक्ष तथा राजपाका केन्द्रीय सदस्य भरत प्रसाद साहले आम जनता पार्टी प्रवेश गरेका छन् ।

बुधबार एक समारोहका बिच साहले औपचारिक रुपमा आम जनता पार्टीमा प्रवेश गरेका हुन् ।

काठमाडौं स्थित पार्टी अध्यक्ष प्रभु साहको निवासमा पुगेर अध्यक्ष साह अन्य पार्टी परित्याग गरेर आजपा प्रवेश गरेको प्रवक्ता चन्द्रभुषण साहले बताए । पूर्व मन्त्री तथा पार्टी अध्यक्ष साहले नवप्रवेशीको उज्ज्वल भविष्यको कामना गर्दै माला लगाएर खाँदा ओढाई सम्मान गरेका थिए । उक्त अवसरमा आम जनता पार्टीका केन्द्रीय सदस्य विजय यादव लगायत अन्य नेता कार्यकर्ताको समेत सहभागिता रहेको थियो ।

# आगलागीबाट तीन घरगोठ जलेर नष्ट



**मधेशदृष्टि**
**रौतहट ।**

रौतहटको मौलापुर नगरपालिका–२ मर्यादपुर एकीकृत दलित बस्तीमा भएको आगलागीबाट तीन वटा घरगोठ जलेर नष्ट भएका छन् । मंगलबार राति भएको आगलागीबाट तीन वटा घर जलेर नष्ट हुनुका साथै चार वटा चौपायाको मृत्यु भएको छ । आगलागीबाट ब्रम्हदेव महरा चमार, जगदेव महरा चमार, रामचन्द्र महरा चमारको फुसको घर गोठ जलेर नष्ट भएको हुन् । घर गोठभित्र रहेका ग्यास सिलिन्डर, खाद्यान्न समग्री, लत्ताकपडा पूर्ण रूपमा जलेर नष्ट हुनुका साथै चार वटा बाख्रा पनि मरेको इलाका प्रहरी कार्यालय मौलापुरका प्रमुख इन्स्पेक्टर कुशल बर्तौलाले जानकारी दिए । आगलागीबाट करिब पाँच लाख ४५ हजार रुपैयाँ बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डिएसपी एलिजा गिरीले बताइन् । राति भएको आगलागी प्रहरी र स्थानीयबासीको सहयोगमा नियन्त्रणमा आएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ । रौतहटका १८ स्थानीय तह मध्ये गौर नगरपालिका र चन्द्रपुर नगरपालिकामा मात्र बारुण यन्त्र दमकल रहेकाले आगलागीको घटना हुँदा तुरुन्तै नियन्त्रण गर्न समस्या हुने गरेको स्थानीयको भनाइ छ ।

# बागमतीका मेयर थापाविरुद्ध भ्रष्टाचार मुद्दा

**मधेशदृष्टि**
**वीरगंज ।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सर्लाही, बागमती नगरपालिकाका प्रमुख भरतकुमार थापाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ । नगर प्रमुख थापाले स्रोत नखुलेको गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको आरोपमा आयोगले बुधबार मुद्दा दायर गरेको हो । नगर प्रमुख थापाले गैरकानुनी रुपमा पाँच करोड ३३ लाख ५३ हजार एक सय ७९ रुपैयाँ सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको दाबी गर्दै विशेष अदालतमा मुद्दा दायर गरिएको अख्तियारका प्रवक्ता नरहरि घिमिरेले जानकारी दिए ।

नगर प्रमुख थापाले विसं २०७४ असोजदेखि विसं २०७९ माघसम्ममा सात करोड ८६ लाख ५० हजार रुपैयाँ अवैध तरिकाले कूल आम्दानी गरेको र यही अवधिमा १३ करोड २० रुपैयाँ लगानी तथा खर्च गरेको अख्तियारको भनाइ छ । कूल आय तथा लगानी र खर्चबीचको तादाम्यता नमिलेको पाँच करोड ३३ लाख ५३ हजार एक सय ७९ रुपैयाँ अवैध तरिकाले आम्दानी गरेको अख्तियारका दाबी छ । यसैगरी आयोगले नगर प्रमुख थापाले श्रीमती रेश्मीकुमारी घिमिरे थापा, भाइ रामकुमार थापा र भाइबुहारी द्वारिका राउतका नाममा खरिद गरिएका घरजग्गा, विभिन्न कम्पनीमा गरेको लगानी, शेयर खरिद, जीवन बीमा प्रिमियम भुक्तानीमा भ्रष्टाचार गरेको रकम खर्च भएको उल्लेख गरेको छ ।

# ४३ बोरा प्याज बरामद



**मधेशदृष्टि**
**महोत्तरी ।**

सशस्त्र प्रहरीले ४३ बोरा प्याजसहित बलेरो पिकअप नियन्त्रणमा लिएको छ । बर्दीबास–३ विपी राजमार्गबाट भारतीय प्याजसहित बलेरो पिकअप नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ । बर्दीबासको गौरीडाँडास्थित सशस्त्रको चेक प्वाइन्ट टोलीले ४३ बोरा प्याजसहित ना १ ज ७९०३ नम्बरको बलेरो पिकअप नियन्त्रणमा लिएको हो । महोत्तरीको गौशालाबाट सिन्धुलीतर्फ जाँदै गरेको उक्त पिकअपलाई बुधबार बिहान शंका लागी चेकजाँच गर्दा चालकले फरक विवरणको पुरानो बिल बिजक देखाएपछि प्याजसहितको बलेरो नियन्त्रणमा लिएको सशस्त्रले जनाएको छ ।

महोत्तरीको जलसागरस्थित सशस्त्र प्रहरी बल नेपाल नं ९ गण हेडक्वार्टरका एसपी विनोद केसीका अनुसार चालकले जनकपुरका आकाश आलु प्याज भण्डारको नाममा जलेश्वर भन्सारबाट चैत २२ गते जारी भएको बिल बिजकमा आयातित प्याजको परिमाण आठ हजार केजी उल्लेख छ । बरामद प्याजको तौल भने दुई हजार ५८ किलो मात्र छ । आकाश आलु प्याज भण्डारको भ्याटमा उल्लेख गरिएको गाडी र बरामद गाडीको नम्बर पनि फरक पाइएपछि छानबिनका लागि नियन्त्रणमा लिएको सशस्त्र एसपी केसीले जानकारी दिए ।

## शम्भुनाथ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**कठौना, सप्तरी**
**मधेश प्रदेश, नेपाल**
फोन नं. ०३१-४१०१११

**सूचना ! सूचना !! सूचना !!!**

प्रस्तुत बिषयमा यस शम्भुनाथ नगरपालिका नगरपालिकाबाट संचालन हुने सम्पूर्ण विकास निर्माण सम्बन्धि कार्यहरुको अनिवार्यरुपमा ल्याव टेस्ट गर्नुपर्ने व्यवस्था भएको र ल्यावटेस्टको प्रकृयालाई व्यवस्थित, जवाफदेही एवम् प्रभावकारी बनाउन यस नगरपालिकाबाट संचालन हुने सम्पूर्ण विकास निर्माणको योजनाहरुको आ.ब. २०८०/०८१ मा ल्याब टेस्टको कार्य संचालन गर्न सम्बन्धित फर्महरुलाई सूचिकृत गर्नुहुन योजना सूचना प्रकाशित गरिएको छ ।

**प्रमुख प्रशासकीय अधिकृत**
शम्भुनाथ नगरपालिका कठौना, सप्तरी

*फेक न्युज उत्पादन सस्तो हुन्छ, जिम्मेवारपूर्ण पत्रकारिता सहज र सस्तो हुनै सक्दैन ।*

*थोमस हेन्ड्रिक*

## सम्पादकीय

# ईद मुबारक

*नेपालमा इस्लाम धर्मावलम्बीहरूले आज ईद उल जोहा (ईद) पर्व मनाउँदै छन् । ईदको अवसरमा सरकारले आज सार्वजनिक बिदा दिएको छ । २९–३० दिनको व्रत(रमजान)सकेको भोलीपल्ट ईद उल फित्र मनाइन्छ । रमजान इस्लामिक क्यालेन्डर हिजरी सम्बत्को नवौं महिना हो भने १० औं महिना सव्वालको पहिलो दिनमा ईद मनाउने परम्परा छ । नेपालमा भन्दा एक दिनअगाडि नै खाडी मुलुकमा ईद मनाइएको छ । ईद इस्लामिक पात्रोअनुसार मनाइने सबैभन्दा ठूलो पर्वमध्ये एक हो ।*

*ईद पर्व महिना दिनसम्म व्रत र प्रार्थना गरिने रमजान महिनाको अन्त्यसँगै मनाइन्छ । ईद उल–फित्रको अर्थ पनि व्रत समाप्त गर्ने पर्व भन्ने लाग्छ । पर्वको दिनको आरम्भमा धेरैजसो मुस्लिमहरू आफ्नो मस्जिदमा हुने ईदको प्रार्थनामा सहभागी हुन्छन् । साथै घरभन्दा टाढा ईदगाह (ईदको नमाज पढ्ने ठाउँ)मा सामुहिक नमाज पढिन्छ । ईदको नमाज पढन जाँदा नयाँ लुगा लगाएर जाने चलन छ । त्यसैगरी गुलियो खानेकुरा, खजुर वा मिठाई र सेवई खाइन्छ । ईदको प्रार्थनाभन्दा पहिले मुस्लिमहरूले जकात अल–फित्र पनि भनिने अनिवार्य दान गर्नुपर्छ । गरिबहरूलाई भोजनका निम्ति जकात दान गर्ने प्रचलन छ । पाको उमेरका श्रद्धालुहरूले परिवारका केटाकेटी वा आफूभन्दा कम उमेरका सदस्यलाई ईदी भनेर पैसा पनि दिने गर्छन् । नेपाल लगायत थुप्रै देशहरूमा ईद उल–फित्रमा सार्वजनिक बिदा हुने गर्छ । ईदको उपलक्ष्यमा शुभकामना दिँदा ईद मुबारक भन्ने चलन छ । रमजान महिनाको आरम्भमा जस्तै ईदको आरम्भ पनि नयाँ चन्द्रमा उदयको पहिलो दर्शनबाट हुन्छ ।*

*नेपाली मुस्लिमहरूको सन्दर्भमा त्यो दिन भनेको आज बिहीबार हो । रमजान महिनाको २९ औँ दिनमा चन्द्रमा देखिएमा त्यसको भोलिपल्ट ईद मनाइने चलन छ । त्यसो हुन नसकेमा रमजानको पूरा ३० दिन व्यतीत भएपछि ईद मनाउने गरिन्छ । इस्लामका पाँच आधार स्तम्भ मध्येमा रमजान महिनाभरि व्रत बस्ने कार्य पनि पर्छ । पाँच खम्बा भनेको मुस्लिमहरूको विश्वासमा परमेश्वरले गर्नैपर्ने भनेर निर्देशित गरेका पाँच पवित्र व्यवहारहरू हुन् । रमजान महिनामा नै इस्लामको पवित्र ग्रन्थ कुरानका आयात अर्थात् श्लोकहरू पैगम्बर मुहम्मदमार्फत् नाजिल अर्थात् अवतरित गरिएको मुस्लिमहरूको विश्वास रहेको छ । यो समयमा कुरान पाठ गर्नमा विशेष जोड दिने गरिन्छ । व्रत बस्ने कार्यलाई पनि ईश्वरको आराधना गर्ने एक कार्यका रूपमा लिइन्छ । यसले मुस्लिमहरूलाई ईश्वरको नजिक पुगेको अनुभूति गराउँछ र तिनीहरूको आध्यात्मिक स्वास्थ्य र आत्म–अनुशासनलाई बलियो बनाउँछ । ईदमा मुस्लिमहरुले एक अर्काको घरघरमा गएर सेवई खाने गर्छन् । आफ्नो साथी भाई इष्ट मित्रलाई घरमा बोलाएर सेवई खुवाउने गरिन्छ । जसले समाजमा विभिन्न व्यक्ति, समुदायबीच सद्भाव र एकता कायम गर्न मद्दत पुग्छ ।*


## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला। लेखरचना एक हजार पाँच सय शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

## कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशदृष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौँ ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com


# खण्डन न सम्झना



जो आज्ञा

रामकुमार एलन

संघीयता मधेशको माग थियो, देशको माग थिएन । यसो भन्नेहरु काठमाडौँमा बाक्लै देखिन थालेका छन् । यता मधेश प्रदेशमा पनि मुख्यमन्त्री सरोजकुमार यादव मधेशकै जोडबलले देश संघीयतामा गएको बताउन थालेका छन् । संघीयता कार्यान्वयन फितलो चैँ फेरि मधेशमै देखिएको छ । मधेशको संघीयता मधेशी शासक सुहाउँदो आएन वा पहाडिया शासकको रुचिको संघीयतामा मधेश हिँड्न तयार भएन ? यो प्रश्नको उत्तर आफैँ 'कोमा'मा छ । किनभने यही मधेशमा हिन्दूको कार्यक्रम पनि ठूलो हुन्छ, धर्मका नाममा कैयौँ दिनहरु उत्सविला बन्छन् । अनि हिन्दूलाई मूर्ति सेलाउन जान पनि समस्या छ । कर्फ्यु लगाउनु पर्ने अवस्था बनिरहेको छ । कर्फ्यु लगाएर शान्तिसुरक्षा र अमनचैन देखाउनु पर्ने बाध्यतामा सिडिओ र एसपीहरुको तारन्तर सरुवा देखिन्छ । अनि मधेशी जनतालाई पहाडिया शासकको नसुधारिएको आनीबानीले पनि वाक्क पारेको छ । बैठकका नाममा जनसम्पर्कमा आउनै नचाहने पहाडिया शासकहरुको भुक्तमान यो वर्ष नजिकबाट नियालेँ।

के बैठक बस्छन्, के गर्छन् ? कम्तीमा जनताले खोजेका बेला त सिडिओ, एसपी उपलब्ध भइदिनू नि ! फिटिक्कै उपलब्धतामा सहजता छैन । उनीहरुको ढिपीको पारो हेर्दा पञ्चायत र राजतन्त्र भए त मिल्ने भए थुन्थे जस्तो लाग्छ । इलाकाका प्रहरीका हाकिमदेखि सिडिओ र एसपी कार्यालयका सकल दर्जाका तत्तत् पात्रहरुका कारण पनि मधेश र पहाडबीचको दूरी घटेको छैन । उनीहरुले मधेश बसुन्जेल पनि 'पहाडिया' शैलीमै काम गरिरहने हो भने यसले कालान्तरमा भावी पुस्तामा पर्ने असरको क्षति कति होला ? कम्तीमा मधेशी जनताले शासकसम्म आफ्नो कुरा पनि राख्ने अवसर पाउन लगभग कठिन–कठिन नै देखेको छु–भोगेको छु । पत्रकारसँग सत्य कुरा नबताउने, बोल्न पर्ने बेला नबोल्ने अनि सामाजिक सञ्जाल र भट्टीझोपडीतिर अनावश्यक बोल्ने बानीले शासक, नेताहरुको खास कुरा मिडियासम्म पनि पुग्न सकेको छैन । जो मिडिया भनेर उनीहरुले 'पालपोष' गरेका छन्, उनीहरुको 'चाकरी'ले पत्रकारिताको '६क' भेट्दै भेट्दैन । केहीदिन अघिकै कुरा गरौँ । एउटा मन्त्रीको भनाइ भनेर मधेशको राजधानीको कुनै सञ्चारमाध्यममा आयो । के हो कुरा भनेर बुझ्नका लागि सहकर्मी परिचालन भए । सहकर्मीको जवाफ आयो, 'मन्त्रीले कहीँ कतै यस्तो भनेको छैन भने ।' भयो अब ? मन्त्रीले नभन्दै समाचार आयो कसरी, नभनेको भए किन चुप बसेको, खण्डन नगरी बस्न सकेको कसरी ?

कात्तिकको अन्त्यतिर मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले केन्द्र सरकारलाई प्रदेशलाई अधिकार देऊ भनेर एकमहिने अल्टिमेटम दिए । त्यसपछिको राजनीतिक छिनाझप्टीमा मुख्यमन्त्री आफैँ विश्वासको मतको सुई लगाइरहन पर्ने 'सत्तारोग'को बिरामी बने । आफ्नै पार्टीका प्रदेश सांसदहरुको पनि आलोचनाको 'ब्रेकफास्ट' उनका लागि उपलब्ध भइरह्यो । प्रहरी र सिडिओले मेरो भाषण पनि सुन्दैनन् भन्दै गुनासो गरिरहे । मुख्यमन्त्रीले यसो भन्छन् भन्ने भेउ पाएका सुरक्षाकर्मीहरु पनि मुख्यमन्त्री बोल्ने बेला उठेर हिँड्न थाले । यसमा दुई वटा कुरा छन्, एउटा मुख्यमन्त्रीले के भन्ने हुन् भन्ने उनीहरुको मनमा परिरहन्छ । जिल्लाको पहिलो हाकिमलाई अरुका अगाडि 'बिल्ला' मन पर्दैन । दोस्रो प्रमुख अतिथि बनेका मुख्यमन्त्रीको पालो यति धेरै वक्ताहरु पछि आउँछ कि, सोचेको भन्दा कार्यक्रम लामो बन्दा सिडिओ र एसपी अरु ठाउँमा पनि पुग्ने तालिकाले उठेर हिँड्छन् । फेरि पनि एउटा भनाइ छ, 'मूर्खहरु विवाद गर्छन्, विद्वानहरु सम्वाद ।' यहाँ को मूर्ख, को विद्वान भनेर चैँ विवाद नगरिदिनु होला । स्थायी सरकार र अस्थायी सरकारको द्वन्द्वले जनताले पाउने सेवासुविधा नपाउनु चैँ एजेन्डा बन्नु पर्छ, जुन बन्न सकेन ।

यही साता धनुषाको लालगढमा एउटा 'पानी अन्तरक्रिया' भयो । त्यहाँ भनिएको थियो, 'सुनकोशी मरिनको पानी ल्याएर मधेशको सिरहा र सप्तरीबाहेक ६ जिल्लामा पानीको अभावमा भरपर्दो विकल्प हुनसक्छ । ४६ अर्ब रुपैयाँको यो परियोजना कहिले पूरा होला, जबकि अहिले अन्तरक्रिया भइरहेका छन् । यो पनि कर्मचारीको काम हो । जब फागुन, चैत, वैशाख आउँछ, बजेट सकाउनु पर्ने भएकाले काठमाडौँ छाडेर कर्मचारीहरुलाई बाहिर घुमघाममा आउन मन लाग्छ । अनि एउटा कार्यपत्र भनेर लाखौँ रुपैयाँ सक्छन् । मन्त्री विचरा, केन्द्र न प्रदेश, जताको भए पनि कार्यतालिका अनुसार कर्मचारीले नचाउने पात्र भइहाले । रिसाउलान् भन्ने डर छैन, फेरिइरहने गठबन्धनका मन्त्रीहरु सर्कसवालाले नचाउने बाँदरजस्तै हुन् । यसो भन्दा अब मन्त्रीहरुलाई रिस उठ्नु भन्दा नाच्न छाडे भइगयो, धेरै प्रेसर बढाइरहनै पर्दैन । केही समयअघि बागमती प्रदेशका मुख्यमन्त्रीलाई भेटमा भनेको थिएँ, 'तपाईं मुख्यमन्त्री त हो, तर मलाई प्रधानपञ्च जति पनि लाग्दैन ।' उनले सोधे, 'किन ?' भनिदिएँ, 'तपाईं जे गर भन्नुहुन्छ, कर्मचारी कानुनतः मिल्दैन भनेर भाँजो हालिदिन्छन्, उनीहरुले भनेको तपाईंहरु एउटा पनि रोक्न सक्नुहुन्न ।' स्थानीय तह र केन्द्रमा भन्दा अझ बढी प्रदेशमा यस्तो देखिन्छ । सुन्छु, मधेश प्रदेशमा एउटा उपसचिव सरुवा भएको महिनौँसम्म मधेश प्रदेश सरकारको क्वार्टर नछाडी बसेका थिए । उनको सरुवा भए पनि यसरी बस्नुमा कुनै मन्त्री–मुख्यमन्त्रीको दाया–देब्रे दुवै हातको आशीर्वाद थियो । अर्को आएको उपसचिव विचरा साथीकहाँ शरणार्थी थियो । यस्तै क्रान्तिकारी मधेशको जनमत पार्टीले लिएको मन्त्रालयको सचिव त सरुवा भएर पनि मधेशमै महिनौँ बसेका थिए । किनमेल गर्ने उनको धोको थियो । आफूले बनाएको बजेट चाख्न पाउनु उनको अधिकारको विषय हो । संघीयता कार्यान्वयन नेताका लागि शासन र कर्मचारीका लागि कमिसन हो । जनताका लागि चैँ कासन भएको छ ।

अब देशको अवस्था यस्तै छ । कुनै पनि बेला गठबन्धन भत्कन सक्छ । नयाँ बन्न सक्छ । काटाकाट गरेकाहरु चाटाचाटमा लाग्छन् । चाटाचाट गरिरहेकाहरु काटाकाटमा उभिन सक्छन् । अझ रमाइलो त हरेक प्रदेशमा अनेक अंक गणितको सत्ता छ । जहाँ पनि एक भोटले सरकार नै ढलाइदिने अंकगणित ठ्याक्क मिलेको छ । कोशी, मधेश, बागमती, गण्डकी प्रदेशमा यस्तै यस्तै गणितले काम गरिरहेको छ । जजसलाई जे लेखिए पनि भट्टीमा बहुलाउने र सामाजिक सञ्जालमा 'चम्चा परिचालन'बाहेक कुनै प्रतिक्रिया छैन । कुनै दिन आफ्ना उल्झन, समस्या, कानुनी जटिलता पत्रकारसँग साझा गर्दैनन् । तर कहिलेकहीँ पत्रकारकै कार्यक्रमहरुमा नेताहरु बोलेको सुनिन्छ, 'पत्रकारले संघीयता बुझेनन्, संघीयताका पक्षमा लेखेनन् ।' आसेपासेजति प्रशंसामा लगाएर के काम गरेको भन्ने पनि उनीहरुकै चम्चागिरीले छोपिएको छ । त्यसैले मिडियाले लेखेको पनि नेता थाहा पाउँदैनन् । थाहा पाउँदा हुन् त, यस्तो बोल्थेनन् । गलत भयो भनेर खण्डन गर्थे, सम्झन्थे होलान् चिया कफी खानेबेला, चम्चा भन्दा सस्ता कार्यकर्ता, आज्ञाकारी नभएका कर्मचारीसँग खबरदारी गर्ने पत्रकारहरु पनि ।

# चलचित्रको पर्दामा देखिएका नयाँ अनुहार

वर्ष २०८० मा नेपाली चलचित्रमा थुप्रै नयाँ अनुहार देखिए । नेपाली चलचित्र निर्माणको सङ्ख्यात्मक वृद्धि, बढ्दो लगानी तथा राम्रो पारिश्रमिकका कारण यस क्षेत्रमा नयाँ अनुहारको आकर्षण बढिरहेको छ । व्यावसायिक सुरक्षाका कारण प्रायः निर्देशकको रोजाइमा स्थापित अनुहार पर्ने देखिए पनि यो वर्ष केही नयाँ कलाकारले सम्भावना देखाएका छन् ।

यस वर्षको पहिलो महिना वैशाखमा प्रदर्शन भएको चलचित्र 'नाइँ नभन्नु ल–६' बाट आशीर्वाद क्षेत्रीले डेब्यु गर्नुभयो । व्यावसायिक रूपमा उहाँको सुरुआत सफल नभए पनि सम्भावना बोकेको कलाकारका रूपमा हेरियो । आँचल शर्मा, पल शाह, वर्षा राउत, अनुभव रेग्मीजस्ता स्थापित कलाकारलाई पहिलो पटक निर्देशक विकासराज आचार्य यसपटक भने असफल हुनुभयो ।

असारमा प्रदर्शन भएको 'बगान' मार्फत अभिनयमा अभिनेत्री प्रमिला कार्की उदाउनुभयो । टेलिभिजनकर्मीका रूपमा परिचित अभिनेत्री कार्की पनि स्थापित कलाकार सरोज खनाल, करिश्मा मानन्धरसँगै पर्दामा देखिनुभएको थियो । अभिनेता खनालले नै निर्देशन गर्नुभएको चलचित्रले स्वदेश र विदेशको प्रदर्शनमार्फत लगानी सुरक्षित गरेको निर्माण पक्षको दाबी छ ।

अभिनेत्री कार्कीले कलाकार नै निर्देशक हुँदा आफ्नो यात्रा सुरुआत सहज भएको बताउनुभयो । "टेलिभिजनमा काम गरेका पनि क्यामेरासँग सहज थिएँ, अभिनयलाई गर्ने तरिका कलाकारकै शैलीमा बुझेपछि मैले पात्रलाई अपनाए, त्यसपछि मलाई निकै सहज भयो", अभिनेत्री कार्कीले भन्नुभयो ।

मङ्सिरको अन्तिम साता प्रदर्शन भएको चलचित्र 'दुई कदम'बाट दुई नयाँ अनुहार इओन लिम्बू र सिमोन गिरीले अभिनयको सुरुआत गर्नुभयो । अभिनेता लिम्बू चलचित्रसम्बन्धी अध्ययन गराइने अस्कर इन्टरनेसनल कलेजमा 'ब्याचलर इन सिनेमा स्टडिज'मा अन्तिम वर्षमा अध्ययनरत हुनुहुन्छ । अभिनेत्री गिरी मोडलिङ हुँदै चलचित्रको पर्दामा आइपुग्नुभएको हो ।

"अभिनयलाई सरल रूपमा लिनु हुन्न भन्ने मैले महसुस गरे, यहाँ मेहनत निकै आवश्यक छ", अभिनेत्री गिरीले भन्नुभयो, "आफ्नो अभिनयबाट दर्शकको मन जित्न मैले सक्दो कोसिस गरेकी छु, मैले पाइरहेको प्रतिक्रिया निकै सकारात्मक छ ।"

माघे सङ्क्रान्ति लक्षित गर्दै पुसको अन्तिम साता प्रदर्शन गरिएको चलचित्र 'पर्खी बसेँ तिमीलाई' मार्फत अभिनयमा रक्षा बुढाथोकी र किरण श्रेष्ठले सुरुआत गर्नुभयो । दीपक श्रेष्ठले निर्देशन गर्नुभएको चलचित्रमार्फत सुरुआत गर्न पाउँदा उहाँहरू दुवै हर्षित हुनुहुन्छ । मण्डला नाटकघरबाट चलचित्रमा आइपुग्नुभएका अभिनेता श्रेष्ठले अन्य केही चलचित्रमा समेत अभिनय गरिसक्नुभएको छ ।

"पहिलोपटक पर्दामा देख्न पाउँदाको अनुभव व्यक्त गर्न सक्दिन, यो समयका लागि मैले सङ्घर्ष गरेको छु, यो अवसरमार्फत मैले अन्य मौका सृजना गर्ने कोसिस गरेको छु", अभिनेता श्रेष्ठले भन्नुभयो, "आफूभन्दा अग्रज कलाकारसँग अभिनय गर्दा सुरूमा केही असहजता भएको थियो, उहाँहरूले नै सहजता दिएपछि मैले केही दृश्यलाई ढुक्कसँग गरे ।"

पुसमै प्रदर्शन भएको चलचित्र 'चित्रा'मार्फत सन्तोष अधिकारीले पनि अभिनय सुरु गर्नुभयो । यद्यपि उहाँलाई व्यावसायिक रूपमा सफलता प्राप्त भएन । फागुनको दोस्रो साता प्रदर्शन गरिएको चलचित्र 'गोर्खा वारियर' मार्फत अभिनयको सुरुआत गर्नुभएका रितेश चाम्स पूर्व सैनिक पनि हुनुहुन्छ । सन् १९४९ मा मलाया जङ्गलमा बेलायती सेनामा आबद्ध गोर्खा सैनिकले लडेको लडाइँको कथा प्रस्तुत गरिएको चलचित्रमा अभिनय गर्ने कलाकार सैनिक देखिनुपर्ने भएकाले अभिनेता चाम्सलाई अवसर दिएको निर्देशक मिलन चाम्सले बताउनुभयो । उहाँले भन्नुभयो, "रितेश आफैँमा अभिनय सिकिरहनुभएको कलाकार हो, उहाँलाई लिएपछि मैले सैनिक देखाउन मेहनत गर्नु परेन, उहाँले ब्रिटिस सेनामा हुँदा युद्ध नै लडिसक्नुभएको छ, उहाँको भविष्य अन्य पात्रमा पनि उज्ज्वल नै छ ।" चलचित्र वितरक करण श्रेष्ठले वितरण गर्नुभएका अधिकांश चलचित्रमा नयाँ अनुहार छन् । नयाँ चलचित्रका बारेमा सुरुआतमा विश्वस्त गर्न प्रदर्शकलाई गाह्रो नहुने होइन । यद्यपि देखिने प्रचार सामग्रीले सहज बनाउने वितरक श्रेष्ठले बताउनुभयो ।

"नयाँ अनुहारले अवसर पाएर नै पुरानो हुने हो, त्यसैले उनीहरूलाई सघाउनै पर्छ, म नयाँ अनुहार भएका चलचित्रकर्मीलाई प्रचारप्रसार ध्यान दिन आग्रह गर्ने गर्छु, यसले चलचित्रसँगै उदाउँदै गरेका कलाकारलाई फाइदा पुग्छ", वितरक श्रेष्ठले भन्नुभयो, "चलचित्र भवनमा दर्शक बढेसँगै व्यापार बढ्ने भएकाले सुरुआती समयमा हाम्रो भूमिका महत्वपूर्ण भएता पनि अन्ततः विषयवस्तुले नै आकर्षण गर्नुपर्छ ।"

जोखिम उठाउन चाहने चलचित्रकर्मीले नयाँ अनुहारलाई लिएको पाइन्छ । किनकि स्थापित अनुहारले केही हदसम्म लगानी सुरक्षित गर्न मदत गर्ने विश्वास छ । यस वर्ष पर्दामा देखिएका नयाँ अनुहारले अभिनयमा सम्भावना देखाए पनि अधिकांशले निर्माताको लगानी सुरक्षित गर्न सकेनन् । यद्यपि जोखिम नमोल्ने हो भने नयाँले अवसर पाउँदैनन् ।

आउँदो वर्ष विसं २०८१ मा चलचित्र '११ः५५' मार्फत सागर खनाल, चलचित्र 'फर्की फर्की' मार्फत रवि काफ्ले र समृद्धि अर्याल, चलचित्र 'बलिदान' मार्फत अभिनेता विराज भट्टका छोरा समीर भट्टलगायत सम्भावना बोकेका नयाँ अनुहारले अभिनयमा पाइला टेक्दै हुनुहुन्छ । उहाँहरूले पाएको अवसरलाई निरन्तरता कसरी दिनुहुन्छ यो भने आउँदो समयले नै थाहा दिनेछ ।

# संसदमा प्रतिपक्ष दलको अडान यथावत



**रासस**
**काठमाडौँ ।**
प्रतिनिधिसभाको बुधबारको बैठक सहकारीको रकम अनियमितताका विषयमा संसदीय छानबिन समिति गठनको माग गर्दै प्रतिपक्षी दलहरु नेपाली कांग्रेस र राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसदहरुले अवरोध गरेपछि स्थगन भएको छ । प्रतिपक्षी सांसदहरुले उक्त प्रकरणमा उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेले राजीनामा दिनुपर्ने र संसदस्यीय छानबिन समिति गठन गर्नुपर्ने माग गरेर आ–आफ्नो स्थानबाट उठेपछि सभामुख देवराज घिमिरेले उठेका विषयमा सरकार र सम्बन्धित पक्षको ध्यानाकर्षण गराउँदै बैठक सञ्चालनमा सघाउन आग्रह गरेका थिए ।

तर विपक्षी सांसद्ले बैठक चल्ने नदिने अडान लिएपछि सभामुख घिमिरेले बुधबारका लागि निर्धारित कार्यसूची हटाइ बैठक स्थगन गरे । बैठकको प्रारम्भमै प्रतिपक्ष दलका सांसदहरुले उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेका कारण सहकारीपीडितले न्याय पाउन नसकेको आरोप लगाएका थिए भने सत्तापक्षका सांसदहरुले बिना आधार व्यक्तिकेन्द्रित भएर प्रहार नगर्न आह्वान गरे । कांग्रेसका सांसद रामहरि खतिवडाले गृहमन्त्री लामिछानेका कारण पोखराको सूर्यदर्शन सहकारीका पीडितलाई न्याय दिन र त्यसमाथि छानबिन गर्न बाधा उत्पन्न भएकोमा आशङ्का व्यक्त गरे । 'काठमाडौँबाट नेपाल प्रहरीको सिआइबीले पोखरामा छानबिनका लागि दुई जना अधिकृतलाई पठाइयो । छानबिनले अहिलेका गृहमन्त्री सहकारी ठगीमा संलग्न भएको रिपोर्ट तयार गर्दै थियो समीकरण परिवर्तन भएपछि यो रिपोर्ट पनि परिवर्तन गर्न काममा लाग्यो भन्ने हामीलाई आभास भयो', सांसद खतिवडाले भने, 'जसको बारेमा छानबिन हुँदै थियो उहाँनै त्यसै संस्थामा गृहमन्त्री भएर आउनुभएपछि छानबिन प्रक्रिया रोकियो र सहकारीपीडित झन पीडित हुने अवस्थामा गए भन्ने आशङ्का उत्पन्न भयो ।' दोषीलाई उम्काउने काम सरकारबाट भएको भन्दै छानबिन समिति गठन गर्न माग गरेको उनको भनाइ थियो ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सांसद सूर्यबहादुर थापा क्षेत्रीले सहकारीको बचतकर्ताको बचत अपचलनको विषय ठगीको विषय भएको भन्दै बचतकर्ता नठगिने स्थितिको सुनिश्चितता सरकारले गर्नुपर्ने माग गरे । उनले सूर्यदर्शन सहकारीको विषय अदालतमा विचाराधीन भएका कारण सदनमा बहस नगर्नसमेत सुझाव दिए । 'सूर्यदर्शन सहकारीसम्बन्धी यो विषय कास्की जिल्ला अदालतमा विचाराधीन छ । संविधानबमोजिम सदनमा अदालतमा विधाराधीन विषय बहसको विषय हुँदैन भन्ने कुरा थाहा छ । तर यो विषय थाहा पाएर पनि उठाइरहेका छौँ' उनले भने, 'तर समस्यामा छलफल गरेर निष्कर्षमा पुग्नका लागि होइन । प्रतिपक्षको भूमिकामा हामीले यो विषय उठाएका थियौँ ।'

सांसद माधवप्रसाद सापकोटाले संसद्को बहसलाई राजनीतिक दलका नेता एवं सांसदहरुलाई आपसमा विवाद र आरोप लगाउनमा समय खेर फाल्न नहुनेभन्दै सचेत गराए । 'आज हामी जे गरिरहेका छौँ । आगामी पुस्ताले सकारात्मक रुपमा मूल्याङ्कन गर्नसक्ने गरी संसद्भित्रको अभयास र नजिर स्थिपित गरिनुपर्छ' उनले भने । उनले रचनात्मक र सिर्जनात्मक रुपमा सदनमा प्रस्तुत हुदै सदनलाई बहसको थलो बनाउनुपर्नेमा जोड दिए । राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद मनिस झाले सदनमा बिना आधार व्यक्ति केन्द्रित भएर प्रहार गर्न नहुने बताए । 'सदनको नियमावलीमा सदनमा कुनै व्यक्तिप्रति पटक–पटक निराधार लाञ्छना लाउन पाइदैन । कानुनले कुनै निर्णय दिइसकेको छैन सुरक्षा निकायले आफनो सूचना दिइसक्यो । देशको प्रधानमन्त्रीले सदनमा आफ्नो अभिव्यक्ति दिइसक्नुभयो' उनले भने, 'चौकीमा गएर कसैले दिएको उजुरी जुन दर्ता भएको छैन । त्यसको आधारमा पटक–पटक कुनै व्यक्तिप्रति गरिएको प्रहारप्रति हाम्रो आपत्ति छ ।' उनले आफूहरु सुशासनको प्रत्याभूतिको लागि प्रतिबद्ध रहेको बताए ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद ज्ञानेन्द्रबहादुर शाहीले गृहमन्त्री लामिछानेले निशेधाज्ञा जारी गर्नु अभिव्यक्तिको स्वतन्त्रतामा प्रहार गरेको आरोप लगाए । उनले मङ्गलबार राप्रपाको प्रदर्शनीमा आफ्ना कार्यकर्तामाथि गृहमन्त्रालयबाट ज्यादति भएको समेत आरोप लगाए । 'हामी शान्तिपूर्ण आन्दोलनमा विश्वास राख्छौँ । तर हिजो (मंगलबार) भएको प्रदर्शनीमा हाम्रो १८ जना कार्यकर्तामाथि सुरक्षाकर्मीको प्रहारले अस्पताल भर्ना हुनुभएकोछ' उनले भने । प्रतिनिधिसभाको अर्को बैठक आगामी वैशाख २ गते आइतबार बस्नेछ ।

# राष्ट्रियसभा उपाध्यक्षमा विमला घिमिरे

**मधेशदृष्टि**
**काठमाडौँ ।**
राष्ट्रियसभाको उपाध्यक्षमा नेकपा एमालेकी सांसद बिमला घिमिरे निर्वाचित भएकी छन् । राष्ट्रियसभाको बुधबारको बैठकमा उपाध्यक्ष पदको मतविभाजनका माध्यमबाट सम्पन्न निर्वाचनमा ३९ मतसहित घिमिरे निर्वाचित भएकी हुन् । सभाका अध्यक्ष नारायणप्रसाद दाहालले नवनिर्वाचित उपाध्यक्ष घिमिरेलाई बधाई तथा शुभकामना समेत व्यक्त गरे । उक्त मतविभाजन प्रक्रियामा ५५ जना सांसद सहभागी भएका थिए । एमालेका सांसद बिमला घिमिरेलाई निर्वाचित गरियोस् भन्ने प्रस्तावको पक्षमा ३९ सांसदहरुले मतदान गरे । यस्तै उक्त प्रस्तावमा हुन्न भन्नेमा १६ मत परेको थियो ।

उक्त पदमा नेपाली कांग्रेसका सांसद विष्णुदेवी पुडासैनीको पक्षमा १६ र विपक्षमा ३९ मत परेको थियो । अध्यक्ष दाहालले बहुमत प्राप्त नगरेपछि सांसद पुडासैनीलाई उपाध्यक्ष पदका लागि अस्वीकृत भएको घोषणा गरेका थिए । मतदानअघि बैठकमा राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले उक्त पदमा नेपाली कांग्रेसका पुडासैनी र नेकपा (एमाले) का घिमिरेलाई निर्वाचित गरियोस् भन्ने दुई प्रस्तावबारे जानकारी गराएका थिए । बैठकमा दुवै प्रस्तावका प्रस्तावक र समर्थकले मन्तव्य राखेपछि मत विभाजनमार्फत निर्वाचन भएको थियो ।

# एक ढिक्का भइ अगाडि बढ्न देउवाको आग्रह

**रासस**
**रुपन्देही ।**
नेपाली कांग्रेसका सभापति तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले पार्टी निर्माणमा एकजुट भएर लाग्नुपर्ने अवस्था आएको बताएका छन् । नेपाली कांग्रेस रुपन्देही क्षेत्र नं ३ कार्यसमितिले बुधबार यहाँ आयोजना गरेको नयाँवर्षको शुभकामना आदानप्रदान तथा भेटघाटका अवसरमा उनले पार्टीका नेता तथा कार्यकर्तालाई पार्टीको हितमा एकजुट भई लाग्न आग्रह गरेका हुन् । नेपाली कांग्रेसमाथि अहिले धेरै चुनौती थपिएको बताउदै उनले सबै मतभेद हटाएर चुनौतीको सामना गर्न आग्रह गरे । उनले नेता तथा कार्यकर्तालाई अहिले पार्टीलाई अप्ठयारो पार्ने काम नगर्न निर्देशन दिए । सभापति देउवाले भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनका लागि आवश्यक पहल गर्ने समेत प्रतिबद्धता जनाए । सो अवसरमा नेपाली कांग्रेसका क्षेत्रीय सभापति सुशील गुरुङले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा पहल गर्न सभापति देउवा समक्ष आग्रह गरेका थिए ।

# महाधिवेशन केन्द्रित अभियान सम्पन्न

**रासस**
**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)ले महाधिवेशन केन्द्रित अभियानअन्तर्गत देशका सबै पालिका, वडा, टोल, जिल्ला, प्रदेश र केन्द्रसम्मका सदस्यको भेला प्रशिक्षणसहित सम्पन्न गरेको छ । सङ्गठन सुदृढीकरण गर्न पार्टीका सबै तहका कमिटीहरू परिचालन गरिएका थिए । गत फागुन २५ गतेदेखि दुई महिनासम्म सञ्चालित अभियान मङ्गबार पूरा भएको केन्द्रीय प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाले जानकारी दिए । दुई महिनामा वडा, क्षेत्र, जिल्ला अधिवेशन गरी कमिटी गठन, महाधिवेशनमा सहभागी हुन पार्टीले तल्लो कमिटीका सुझावअनुसार केन्द्रीय अध्यक्षदेखि, केन्द्रीय निकायका सदस्य पनि चुनिएर आउनुपर्ने व्यवस्थासहितको विधान संशोधन, महाधिवेशनमा प्रस्तुत गरिने राजनीतिक दस्तावेज, विधान दस्तावेज, समाजवादी कार्यक्रमसम्बन्धी दस्तावेज र साङ्गठनिक दस्तावेज तयार भएका उनले जानकारी दिए । पार्टीले आगामी जेठ ३ देखि ७ गतेसम्म राष्ट्रिय महाधिवेशन काठमाडौँमा आयोजना गर्न पार्टी अध्यक्ष तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालको नेतृत्वमा महाधिवेशन मूल व्यवस्थापन कमिटी तथा अन्य १३ कमिटी गठन गरेको छ ।

# 'हामी बढी व्यक्ति र दल केन्द्रित भयौँ'



“

विधायकको मुख्य काम कानुन निर्माण गर्नु नै हो । तथापि, सांसदलाई संवैधानिक र कानुनी हिसाबले जुन जिम्मेवारी तोकिएको छ, त्योमात्रै हो भनेर उन्मुक्ति पाउने अवस्था छैन । हामीसँग बग्रेल्ती समस्या छन् । बाटो, पुल, सिँचाइ, विद्यालय, सुकुम्बासी, बेरोजगारीजस्ता अनेक समस्या समाधान गर्छु भनेर चुनावका बेला प्रत्येक सांसदले जनतासँग प्रतिबद्धता गरेका हुन्छन् ।

डिगबहादुर लिम्बू, प्रतिनिधिसभा सदस्य

**सांसद लिम्बूको परिचय**

मोरङ जिल्ला लेटाङ–१ का स्थायी बासिन्दा सांसद डिगबहादुर लिम्बू विसं २०३७ को जनमत सङ्ग्रहदेखि बहुदलको पक्षमा प्रचारप्रसार गरी राजनीतिमा प्रवेश गरेका हुन् । विसं २०४२ मा नेपाली कांग्रेसमा आबद्ध भएर प्रजातन्त्रको पक्षमा निरन्तर लागेका उनी नेपाल विद्यार्थी सङ्घ मोरङको सदस्य, पार्टी क्षेत्रीय सदस्य, नेपाली कांग्रेस प्रजातान्त्रिकको जिल्ला सभापति तथा १३औँ र १४औँ अधिवेशनबाट जिल्ला सभापति भए । विसं २०७९ मा भएको प्रतिनिधिसभा सदस्य निर्वाचनमा मोरङ–१ बाट प्रत्यक्ष निर्वाचित लिम्बू यसअघि करिब १० महिना युवा तथा खेलकुदमन्त्रीको जिम्मेवारीमा थिए ।

रासस
काठमाडौँ ।
हामीले अवलम्बन गरेको संसदीय शासन प्रणाली लामो समयदेखि देशमा अभ्यास भइरहेको छ । यसको मूल्य, मान्यतालाई जुन आधारमा अघि बढाउनुपर्ने थियो, त्यो नभई हाम्रा अभ्यासले दलीय स्वार्थमा बढी केन्द्रित भयो कि भन्ने बुझाइ पर्न गएको छ । जनसरोकारका विषयलाई घनिभूत ढङ्गबाट सदनमा उठाउन सकिएको छैन । अहिले हामीले आत्मसात् गरेको शासन प्रणाली मध्यमार्गी बाटो हो । यसलाई थप सुदृढ गरी अघि बढ्दा मात्र जनताको भावनालाई सम्बोधन गर्दै देश विकास गर्न सकिन्छ । पछिल्लो समय हामी बढी व्यक्ति र दल केन्द्रित भयौँ कि भन्ने लागिरहेको छ ।

केही दिनयताको संसद्को गतिविधिले प्रतिपक्षले उठाएका कुरा सुन्न सरकारले नचाहेको भान भइरहेको छ । लोकतान्त्रिक अभ्यासमा सरकार र प्रमुख प्रतिपक्षबीच संवाद र प्रतिवाद निरन्तर हुन्छ । सरकार अभिभावक भएकाले प्रतिपक्षले उठाएका विषय गम्भीरताका साथ सुन्नुपर्छ । त्यो अहिले देखिन्न । विगतमा प्रतिपक्षले उठाएका माग सम्बोधन गर्न छानबिन समिति बनाइएका, दोषीलाई कारबाही भएका र मन्त्री फेरबदलसम्म गरिएका घटना छन् । त्यो नजिर कसैले बिर्सिनुभएन । यी मुद्दा कसैप्रति लक्षित नभई पद्धति र प्रणाली स्थापित गराउने विषय हुन् । विगतको नजिरका आधारमा समस्या सम्बोधन हुनुपर्छ भन्ने नेपाली कांग्रेसको अडान हो ।

विधायकको मुख्य काम कानुन निर्माण गर्नु नै हो । तथापि, सांसदलाई संवैधानिक र कानुनी हिसाबले जुन जिम्मेवारी तोकिएको छ, त्योमात्रै हो भनेर उन्मुक्ति पाउने अवस्था छैन । हामीसँग बग्रेल्ती समस्या छन् । बाटो, पुल, सिँचाइ, विद्यालय, सुकुम्बासी, बेरोजगारीजस्ता अनेक समस्या समाधान गर्छु भनेर चुनावका बेला प्रत्येक सांसदले जनतासँग प्रतिबद्धता गरेका हुन्छन् ।

दश महिना सरकारमा रहँदाको मेरो अनुभव के रह्यो भने हामी राजनीतिबाट आएका व्यक्ति छोटो मार्गबाट छिटो गरौँ भन्ने हुँदोरहेछ । तर कर्मचारीतन्त्रमा प्रक्रियाको कुरा उठाएर एउटा कामलाई लम्बेतान बनाएर यता मिलेन, उता मिलेन भनेर अल्झाउने गरेको अनुभूति भयो । सङ्घीय निजामती, शिक्षा र प्रहरी समायोजन विधेयक छलफल गर्दै जाँदा कर्मचारीतन्त्रबाट आवश्यक सहयोग नभएको मात्र नभई सेवानिवृत्त भएपछि पनि आफू केन्द्रित भएर नियम, कानुन बनाउने माखेसाङ्लोको जस्तो कोसिस देखियो । कतिपय संवैधानिक पदमा यति वर्षको अनुभव र काम गरेको भन्ने मापदण्ड तोक्दै जाँदा अरुले त अवसर नै नपाउने स्पष्ट देखियो । यो गलत छ, त्यसमा सुधार आवश्यक छ । यो प्रवृत्तिले आमरूपमा विधेयक अघि बढाउन ठूलो समस्या खडा गरिरहेको छ ।

वर्तमान सरकारले सदनलाई 'बिजनेस' दिन सकेको छैन । कानुन निर्माणमा विषयगत समितिमा तदारुकता र घनिभूत छलफल हुनुपर्ने थियो, त्यो भएन । कानुन निर्माणमा कसले भनेको लागू हुने र जस लिने भन्ने पनि देखिन्छ । समग्रमा देश र जनतालाई केन्द्रविन्दुमा राखेर छिटो कानुन निर्माण गरी तल्लो तहसमेतले लाभ लिनेगरी कार्यान्वयन गर्नुपर्छ भन्ने नै हो । मुलुकको प्राथमिकतामा परेको र धेरैको चासो रहेको सङ्क्रमणकालीन न्याय अर्थात् सत्य निरुपण एवं मेलमिलापसम्बन्धी कानुन १७ वर्षदेखि थाँती नै रहेको अवस्था छ । दलहरूबीच स्वार्थ बाँझिएर ऐन बन्न सकेको छैन ।

पछिल्लो आवधिक निर्वाचनपछि कसैको पनि एकल बहुमत नआएपछि ठूला राजनीतिक दलहरू मिलेर अघि बढ्नुपथ्र्या◌े, त्यो भएन । यसले मुलुकमा राजनीतिक अस्थिरता निम्त्यायो । पटकपटक सरकारको फेरबदल भइ नै रह्यो । नयाँ जनादेशपछि सबैखाले राजनीतिक मुद्दा समाप्त गरी भकाभक विकास निर्माणको कामलाई अघि बढाउनुपर्ने

बेलामा उही पुरानो सत्ताको अङ्कगणित चलिनै रहेको छ ।

***अहिलेको अवस्थालाई अन्त्य गर्न मुख्यतः दुई ठूला दल, नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले), बीच न्यूनतम साझा सहमति हुनुपर्छ । अन्योलको अवस्थाबाट निकास दिनुपर्छ । विकासको गतिलाई दूरतगति दिने र आर्थिक मन्दी अन्त्य गर्दै बेरोजगारी समस्या समाधानमा हाम्रा पहल केन्द्रित हुनुपर्छ । उद्योग स्थापना गर्ने र सुकुम्बासी समस्या अन्त्य गर्ने कार्यलाई पनि उच्च प्राथमिकतामा राखिनुपर्छ । अघिल्लो सरकारले अघि बढाएको भ्रष्टाचार न्यूनीकरणको अभियानलाई कमजोर बनाउने कार्य भएको छ । गहिरो अनुसन्धानको जिम्मेवारीमा रहेकालाई हटाउने र सरुवा गर्ने कार्यमा दलका नेता र सरकारको नेतृत्वबाटै पनि कमजोरी भएको देखिन्छ ।***

अनुसन्धानलाई सबैबाट सहयोग पुर्याउनुपर्छ । नेतृत्व तहमा बसेका इमान्दार हुनुपर्छ । राजनीतिक प्रतिशोधबाट नभई अपराध कर्मका आधारमा सजायको भागिदार बनाउनुपर्छ ।

मुलुकमा स्थायित्व कायम गर्न हालको मिश्रित निर्वाचन प्रणाली खारेज गर्नुपर्छ । यो प्रणाली रहेसम्म भ्रष्टाचार अन्त्य र सुशासन कायम गर्न सकिन्न । कुनै पनि राजनीतिक दलले स्पष्ट बहुमत प्राप्त नगरेपछि अहिलेकै जस्तो खिचडी सरकार बन्छ, बनिरहन्छ । राष्ट्रियसभालाई जातीय जनसंख्याका आधारमा पूर्ण समानुपातिक र प्रतिनिधिसभालाई प्रत्यक्षमा मात्र सीमित तुल्याउनुपर्छ । अहिलेको निर्वाचन प्रणालीबाट अघि बढ्न सकिन्न । राजनीतिक अस्थिरताले समयमा काम नहुने र नतिजा प्राप्त गर्न नसकिने भएपछि युवा विद्यार्थीको विदेश पलायनको संख्या बढेको हो भन्ने लाग्छ । अभिभावक पनि घरजग्गा धितो राखेर सन्तानलाई विदेश पठाउन बाध्य छन् । यो हुनुमा राजनीतिक अस्थिरता नै मुख्य कारक हो ।

निर्वाचनमा पाँच वर्ष स्थिर सरकार दिन्छौँ भनेर आयौँ तर डेढ वर्ष नपुग्दै तीनवटा सरकार फेरबदल गरिसकियो । निर्वाचन प्रणाली संशोधन गर्ने र पूर्णबहुमतको सरकारले शासन सञ्चालन गर्ने संस्कार बसाएपछि राजनीतिक स्थायित्व हुन्छ । राजनीतिक स्थायित्व भएमा छोटो समयमा पनि प्रगति गर्न सकिन्छ । अनि विदेश पलायन रोकिन सक्छ । विदेशमा सीप सिकेर फर्केकालाई सहुलियतपूर्ण ऋण सुविधा र अनुदान दिने कार्यक्रम बनाउनुपर्छ । हरेक व्यक्ति सरकारको अङ्ग हुने भएकाले धैर्यसाथ देशलाई अघि बढाउन वातावरण सिर्जना गर्न सम्पूर्ण जनता लाग्नैपर्छ । अत्तालिनुपर्ने परिस्थिति छैन । संसारभर नै कोभिडलगायतले मन्दीको अवस्था सिर्जना गरेको छ । मन्दी अन्त्य भएपछि अर्थतन्त्र पुरानै अवस्थामा फर्केर देशलाई माथि उठाउन सकिन्छ । हतोत्साही नभई पाखुरा बजार्न नछोडौँ । देशलाई माया गरेर अघि बढ्ने परिस्थिति निर्माण गरौँ । सन्तानलाई विदेश होइन, स्वदेशकै सेवामा रहन प्रेरित गरौँ । हलोमात्रै जोत्ने होइन, नयाँ प्रविधिसँग जोडिनुपर्छ । कृषि उत्पादन बढाउनुपर्छ ।

# आर्थिक रूपान्तरणमा गति दिन सरकार प्रतिबद्धः प्रधानमन्त्री

**रासस**
**काठमाडौँ ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले उद्योगी–व्यवसायीलगायत लगानीकर्ताको मनोबल उच्च राख्दै मुलुकको आर्थिक रूपान्तरणमा गति दिन सरकार प्रतिबद्ध रहेको बताएका छन् । नेपाल उद्योग वाणिज्य महासङ्घको ५८औँ वार्षिक साधारणसभालाई बुधबार यहाँ सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले वित्तीय प्रणालीको स्वस्थ र सबल नियमनलाई उच्च प्राथमिकतामा राख्ने र निजी क्षेत्रलाई उच्च मनोबलका साथ काम गर्ने वातावरण बनाउन सरकार प्रतिबद्ध रहेको बताए ।

निजी क्षेत्रका सम्पूर्ण सङ्घसंस्था र प्रतिनिधिहरूलाई उच्च मनोबलका साथ अगाडि बढ्न अपिल गर्दै प्रधानमन्त्री दाहालले भने, 'यहाँहरूले देखाउनुभएको चासो र मागलाई सम्बोधन गर्न सरकार र निजी क्षेत्रको बलियो एकता आवश्यक छ ।' लगानी बढाउन र रोजगारी सृजना गरी उत्पादन बढाउन निजी क्षेत्रले अग्रणी भूमिका निर्वाह गर्दै आएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले राज्यका तीन वटै तहका सरकारले नीति तथा कार्यक्रम र बजेट निर्माणमा निजी क्षेत्रसँग समन्वय गर्दै आएको बताए । सन् २०३० सम्म दिगो विकासका लक्ष्य हासिल गर्ने, सन् २०२६ मा अल्पविकसित मुलुकबाट स्तरोन्नति हुने र द्रुत साथै सन्तुलित विकास र समृद्धि हासिल गर्ने दिशातर्फ नेपाल केन्द्रित भएको बताउँदै प्रधानमन्त्री दाहालले निर्धारित लक्ष्य हासिल गर्नका लागि सरकार र निजी क्षेत्र दुवैबाट हुने लगानी बिस्तार गर्नुपर्ने आवश्यकता औँल्याए ।

आगामी वैशाखमा हुन लागेको लगानी सम्मेलनलाई अधिकतम प्रभावकारी र परिणाममुखी बनाउन सरकार ठोस गृहकार्य र तयारीसहित अगाडि बढेको जानकारी दिए । प्रधानमन्त्री दाहालले भने, 'देशमा लगानीको वातावरण निर्माण गरी लगानी भित्र्याउन हाम्रा नीति, कानुन, सोच, संरचना र कार्यशैलीमा धेरै चुनौती र सीमा छन् । त्यसलाई सम्बोधन गर्न सरकारले आवश्यक परे अध्यादेश नै ल्याएर भए पनि लगानी भित्र्याउन प्रतिकूल देखिएका




ऐनहरू संशोधन गरी लगानीका लागि सरलीकृत नीति र प्रक्रियाका तयारी गरिएको छ ।'

सरकारले गरेको तयारीबाट लगानीका नयाँ–नयाँ क्षेत्रहरूको पहिचान र छनोट एवं प्रतिबद्धता बमोजिम लगानी भित्र्याउन महत्वपूर्ण योगदान पुग्ने सरकारको विश्वास रहेको प्रधानमन्त्री दाहालले बताए । सरकारको निरन्तर प्रयासका कारण अर्थतन्त्रका आन्तरिक र बाह्य सूचकहरू सकारात्मक बन्दै गएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले वित्तीय नीति र मौद्रिक नीतिबीच तादाम्य कायम एवं निजी क्षेत्रसँग बलियो सहकार्य अर्थतन्त्रका आधारभूत सूचकाङ्कहरू सकारात्मक हुँदै जानु सुखद कुरा भएको बताए । उनले राष्ट्रिय आकाङ्क्षा र आवश्यकताअनुरूप अर्थतन्त्रले अपेक्षित प्रगति हासिल गर्न बाँकी रहेको बताए । प्रधानमन्त्री दाहालले भने, 'अर्थतन्त्र सुधारको प्रक्रियालाई तीव्रता दिनका लागि थप दृढताका साथ अगाडि बढ्न सरकार प्रतिबद्ध छ ।' परम्परागत ढाँचाको नीति तथा कार्यक्रम र बजेटले देशको समृद्धि र रूपान्तरण सम्भव छैन भन्ने यथार्थ आत्मसात् गरी यस वर्ष सरकारले अध्यादेश नै ल्याएर बजेटसम्बन्धी नीति, ढाँचा र कार्यतालिका परिमार्जन गरेको बताउँदै प्रधानमन्त्री दाहालले यसपटक नीति तथा कार्यक्रममाथि जनप्रतिनिधिहरू, उद्योगी–व्यवसायीहरू, बुद्धिजीवीहरू र आम जनसमुदायका बीचमा गहन छलफल र अन्तरक्रिया हुने जानकारी दिए । 'सरकारले असीमित आकाङ्क्षा र सीमित साधनस्रोतका बीच पनि वैज्ञानिक नीति–कार्यक्रम र बजेट तर्जुमा गर्नेछ', प्रधानमन्त्री दाहालले भने, 'यसलाई मैले आर्थिक क्षेत्रमा नयाँ क्रमभङ्गको एउटा महत्वपूर्ण आधारविन्दु मानेको छु ।' परम्परागत सोच र कार्यक्रमबाट आम जनतामा आत्मविश्वास जगाउन र विद्यमान चुनौतीलाई अवसरमा बदल्न सम्भव नभएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले आगामी नीति तथा कार्यक्रम र बजेटले उत्पादन र रोजगारी एवं कृषिजन्य उद्योगमा जोड लगाउनुपर्नेमा जोड दिए ।

'आन्तरिक उत्पादन र रोजगारी बढ्न नसकेमा अन्य क्षेत्रका उपलब्धि दिगो रहन सक्दैन भन्ने कुरा यसअघि अन्य मुलुकको उदाहरणबाट देख्थ्यौँ, अहिले हामी आफैँले भोगिरहेका छौँ । यसपटक यो समस्यालाई सम्बोधन गरिनेछ', प्रधानमन्त्री दाहालले भने । खर्च हुन नसक्ने ठाउँमा थुप्रिएर रहेको आयोजना र बजेटलाई अर्थतन्त्रलाई सबलीकरण गर्ने र पूँजीगत खर्च बढाउने आयोजनातर्फ स्थानान्तरित गर्नेबारे सरकारले गृहकार्य गरिरहेको जानकारी दिए ।

# अर्थतन्त्रमा देखिएका समस्याबारे निकास खोजौँः ढकाल

**रासस**
**काठमाडौँ ।**
नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले मुलुकको अर्थतन्त्र अझै समस्यामुक्त नभएकाले समस्यालाई स्वीकार गरेर नै समाधान खोज्नुपर्ने बताएका छन् । महासङ्घको ५८औँ वार्षिक साधारणसभालाई बुधबार यहाँ सम्बोधन गर्दै मुलुकको अर्थतन्त्र यसअघिको नियन्त्रणमुखी नीति तथा कार्यक्रमका कारण समयानुकुल विकास हुन नसकी समस्यामा पर्दै गएको बताए ।

पहिला देशको अर्थतन्त्रमा अझै समस्या छ भन्ने स्वीकार गरेपछि मात्र यसको समाधानको खोजी सहज हुने उनको भनाइ थियो । उनले भने, 'अहिले आम्दानी र खर्चबीच तालमेल मिलेको छैन ।\

मुलुकको खर्च धान्ने निजी क्षेत्र पखेटा फिँजाएर थप आर्जन गर्न खोजिरहेको छ, तर राज्यका तर्फबाट त्यसका लागि आवश्यक सेवा र सुरक्षा पाउन सकेको छैन । यो क्षेत्रले अहिले सरकारबाट प्रोत्साहन चाहेको छ । अहिलेको अवस्थामा निजी क्षेत्रलाई काम गर्ने वातावरण र अर्थतन्त्र सुधारका लागि राज्यका प्रभावकारी नीति आवश्यक छ ।'

केही समयअघि नेपाल पनि श्रीलङ्काको जस्तो अर्थतन्त्रमा पुग्छ भन्ने त्रासले निकै नै नियन्त्रणमुखी कार्यक्रमहरु नेपाल सरकार तथा केन्द्रीय बैंकले अवलम्बन गरेका कारण अर्थतन्त्र यसरी सङ्कुचन हुन पुगेको र अर्थतन्त्र सुधारका लागि दिगो कार्यक्रम अवलम्बन गर्न नसकिएको उनको भनाइ थियो ।

करिब दुई वर्षदेखि सुस्ताएको अर्थतन्त्रको रोग पहिचान गरेर त्यसको निदानका लागि मुलुकका सबै निजीक्षेत्रका तर्फबाट साझा सुझाव दिएको र ती सुझावहरु राज्यका सम्बद्ध निकायले लागू नगर्दा समस्या झन् बल्झिँदै गएको उनले बताए । अध्यक्ष ढकालले भने, 'अहिलेको अवस्थामा मुलुकको अर्थतन्त्र सुधारका लागि राजनीतिक तहबाट त्यसलाई अपनत्व ग्रहण गरिदिनुप¥यो । कानुनी अड्चन हुन गएका अवस्थामा त्यसलाई सहजीकरण गरिदिनुपर्यो र वातावरणीय रुपमा दिगो कार्यक्रमहरु अवलम्बन गर्नुपर्यो ।'

उनले वित्तीय व्यवस्थापन खर्च पुँजीगत खर्चभन्दा झण्डै दोब्बर भएको अहिलेको अवस्थामा आन्तरिक स्रोत बढाउन सक्नुपर्ने र यसो गर्न नसकिएमा नेपाल अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुँदै जाने क्रममा ऋणको भार थप बढ्ने सम्भावना देखिएको औँल्याए । निजी क्षेत्रले निर्वाध रुपमा लगानी गरेर काम गर्न पाएको अवस्थामा मात्र पछिल्लो दुई वर्षमा देखिँदै गएको न्यून आर्थिक वृद्धिको समस्या हल हुने उनको निष्कर्ष थियो ।

# नेप्से परिसूचकमा गिरावट

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको गिरावट देखिएको छ । बुधबार नेप्से परिसूचक १० दशमलव ७१ अङ्कले घटेर दुई हजार २५ दशमलव ३० को बिन्दुमा कायम भएको हो । बुधबार तीन सय आठ कम्पनीको ८६ लाख ९६ हजार नौ सय १८ कित्ता शेयर ६१ हजार चार सय २० पटक खरिदबिक्री हुँदा तीन अर्ब ४८ करोड ५६ लाख ६० हजार छ सय ४० रुपैयाँ बराबरको कारोबार भएको छ ।

उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव १३ र व्यापार समूह एक दशमलव ४६ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ ।

सबैभन्दा धेरै वित्त समूह दुई दशमलव ५० प्रतिशतले घटेको छ । बैंकिङ शून्य दशमलव ०३, विकास बैंक एक दशमलव २५, होटल तथा पर्यटन एक दशमलव ६७, जलविद्युत् शून्य दशमलव ०४ र लगानी शून्य दशमलव ४० प्रतिशतले घटेको छ । त्यसैगरी जीवन बीमा समूह एक दशमलव २५, लघुवित्त एक दशमलव १५, म्युचुअल फन्ड शून्य दशमलव ७३, निर्जीवन बीमा समूह एक दशमलव ०४ र अन्य समूह शून्य दशमलव ४४ प्रतिशतले घटेको छ ।

मान्डु हाइड्रोपावर लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै नौ दशमलव ६९ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै घट्नेमा भने सिंगटी हाईड्रो इनर्जी लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । कारोबार रकमका आधारमा बुधबार सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको १२ करोड ५४ लाख ८८ हजार रुपैयाँ बराबरको शेयर कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने डादी ग्रुप पावर लिमिटेडको दुई लाख ५६ हजार सात सय आठ कित्ता शेयर किनबेच भएको छ ।




# नौ स्वर्णसहित १६ पदकका साथ बागमती प्रथम




**रासस**
**भरतपुर ।**
चितवनको भरतपुरमा जारी प्रथम अन्तर प्रदेश राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत तेक्वान्दो र कराते प्रतियोगिता सम्पन्न भएका छन् । करातेका दुई विधा 'काता' र 'कुमुते' अर्थात् फाइटमा नौ स्वर्ण, तीन रजत र चार काश्य पदकसहित १६ पदकका साग बागमती प्रदेश प्रथम भएको छ । चार स्वर्ण, तीन रजत र दुई काश्य पदकसहित कूल नौ पदकका साथ लुम्बिनी प्रदेश दोस्रो भयो भने तीन स्वर्ण, दुई रजत र पाँच कास्य पदकसहित १० पदकका साथ सुदूरपश्चिम प्रदेश तेस्रो हुन सफल भयो ।

कोशी प्रदेश एक स्वर्ण, छ रजत र छ कास्य पदकसहित कूल १३ पदक जित्न सफल भयो भने कर्णालीले एक स्वर्ण, पाँच कास्य पदकसहित छ पदक हात पा¥यो । गण्डकी एक रजत र पाँच कास्य पदकसहित छ पदक, मधेश प्रदेश पनि एक रजत र सात कास्यसहित आठ पदक जित्न सफल भयो ।

विजेताहरुलाई राष्ट्रिय खेलकुद परिषद्का पूर्वसदस्यसचिव एवं करातेका अध्यक्ष युवराज लामा, बागमतीका प्रदेशसभा सदस्य ईश्वर सापकोटा, प्रदेश खेलकुद विकास परिषद् बागमतीका सदस्य सचिव सूर्य भण्डारीले पुरस्कार वितरण गरे ।

बक्सिङतर्फ विभिन्न तौल समूहका क्वाटर फाइनल तथा सेमिफाइनलका खेल सम्पन्न भएका छन् । यस्तै, चितवन रङ्गशालामा एथलेटिक्सका खेल सम्पन्न भएका छन् । पुरुष तथा महिला भलिबल भरतपुर महानगरपालिका–१० स्थित गेष्टहाउस चौरमा जारी छ । ब्याडमिन्टन भरतपुर कबर्डहलमा भइरहेका छन् । ब्याडमिन्टनमा पुरुष टिम इभेन्टमा कोशी प्रदेश प्रथम भएको छभने बागमती दोस्रो, कर्णाली र लुम्बिनी प्रदेशले तेस्रो स्थान हासिल गरेका छन् । त्यस्तै, महिला टिम इभेन्टतर्फ पनि कोशी प्रदेश नै प्रथम भएको छ । कर्णाली प्रदेश दोस्रो, गण्डकी र बागमती प्रदेशले तेस्रो स्थान हासिल गरेका छन् ।

अन्तर प्रदेश राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत पौडी प्रतियोगितामा बागमती प्रदेश २७ स्वर्ण पदकसहित ५३ पदकका साथ प्रथम स्थान हुन सफल भएको छ । लेक ट्वान्टी थाउजन्ट हवेलीमा भएको प्रतियोगितामा बागमतीले २७ स्वर्ण, १९ रजत र सात कास्य पदकसहित ५३ पदकका साथ प्रथम स्थान हासिल गरेको हो ।

प्रतियोगितामा सुदूरपश्चिम प्रदेश तीन स्वर्ण, आठ रजत र सात कास्यसहित १८ पदकका साथ दोस्रो स्थानमा रह्यो । कोशी प्रदेशले तीन रजत, १३ कास्यसहित १६ पदकका साथ तेस्रो स्थान हासिल ग¥यो । लुम्बिनी प्रदेशले तीन कास्य पदकसहित चौथो स्थानमा रह्यो भने मधेस र गण्डकी प्रदेशले एउटा पनि पदक जित्न सकेनन् । दुई दिनसम्मको प्रतियोगितामा ९० पदकका लागि प्रतिस्पर्धा भएको थियो ।

प्रतियोगिताको दोस्रो दिन मङ्गलबार १७ इभेन्टमा खेल भएका थिए ।

# सार्कलाई निरन्तर सहयोग गर्ने गुटेरेसको प्रतिबद्धता

**रासस**
**काठमाडौँ ।**
संयुक्त राज्य अमेरिकाको औपचारिक भ्रमणमा रहेका दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क)का महासचिव गोलाम सरवारले संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टिनियो गुटेरेससँग राष्ट्रसङ्घीय मुख्यालय न्युयोर्कमा शिष्टाचार भेट गरेका छन् । सार्कका महसचिवलाई आफ्नो कार्यकक्षमा स्वागत गर्दै महासचिव गुटेरेसले विश्व जनसंख्याको ठूलो हिस्सा ओगटेको सार्क क्षेत्रसँग संयुक्त राष्ट्रसङ्घले सहकार्य गर्न चाहेको बताए । उनले सार्कसँग साझेदारी गर्न आफू तयार रहेको बताउँदै निरन्तर सहयोग रहने प्रतिबद्धता व्यक्त गरे ।

सार्क सचिवालयका अनुसार महासचिव सरवारले राष्ट्रसङ्घबाट सार्कलाई निरन्तर सहयोग एवं समर्थनप्रति प्राप्त भएकामा कृतज्ञता व्यक्त गरेका थिए । सार्क संयुक्त राष्ट्रसङ्घको पर्यवेक्षक संस्था हो । सन् २००४ मा राष्ट्रसङ्घले सार्कलाई उक्त दर्जा प्रदान गरेको हो । राष्ट्रसङ्घका महासचिव गुटेरेससँगको भेटमा महासचिव सरवारले दुवै संस्थाबीच सम्बन्ध विस्तारका साथै जलवायु परिवर्तन, खाद्य सुरक्षा, नवीकरणीय ऊर्जाका क्षेत्रमा सहयोग बढाउनेबारेमा छलफल गर्नुभएको सार्क सचिवालयले जारी गरेको विज्ञप्तिमा जनाइएको छ ।

सार्कले राष्ट्रसङ्घीय विकास कार्यक्रम, खाद्य सङ्गठन, शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को), स्वास्थ्य सङ्गठन, जनसंख्या कोषलगायत १२ वटा राष्ट्रसङ्घीय निकायसँग समझदारीपत्रमा हस्ताक्षर गरेको जानकारी दिँदै महासचिव सरवारले बदलिँदो परिवेशमा ती निकायसँग गरिएका समझदारीलाई अद्यावधिक गर्न आवश्यक भएको बताए । राष्ट्रसङ्घ र सार्कबीचको साझेदारीलाई परियोजनामा आधारित गराउन काठमाडौँस्थित सार्क सचिवालयमा राष्ट्रसङ्घ र सार्कले संयुक्त बैठक गर्नुपर्नेमा जोड दिए । उनले पारस्परिक सहयोगका नयाँ परियोजना पहिचान गर्नुपर्ने बताए । उनले सचिवालयका पदाधिकारीलाई क्षमता अभिवृद्धिलगायत अवसरको व्यवस्थाका लागि महासचिव गुटेरेससँग अनुरोध पनि गरे ।

महासचिव गुटेरेसले सार्क महासचिवको प्रस्तावको स्वागत गर्दै राष्ट्रसङ्घ र सार्कबीचको सहकार्य अभिवृद्धिमा जोड दिए । सार्कसँगको क्षेत्रगत साझेदारीका लागि उहाँले सम्बद्ध निकायका अधिकारीलाई सार्क सचिवालयका पदाधिकारीसँग तत्काल सम्पर्क एवं समन्वय गर्न निर्देशन दिए । साथै उनले दुई संस्थाबीचको विद्यमान सम्बन्धलाई अझ सुदृढ बनाउन र निकट सम्पर्कमा रहेर काम गर्दै सार्कलाई निरन्तर सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

# ट्राफिकका सास्तीः पानीदेखि शौचालय मागेरै



**रासस**
**काठमाडौँ ।**
ट्राफिक प्रहरी गोविन्दराज पन्तको मास्क अधिक समय चिउँडोमुनि हुन्छ । धुलो र धुवाँदेखि जोगाउने मास्क उनका लागि सदुपयोग छैन । ट्राफिक व्यवस्थापन गर्न सिट्ठी बजाउनुपर्छ । मुख छोपेरै बस्न सम्भव छैन । त्यसैले स्वास्थ्य सुरक्षाको लागि दिइएको सामग्री समेत उचित तरिकाले लगाउन नपाइएको उनी बताउँछन् । 'देख्नका लागि मात्रै सुरक्षित छौँ', उनी भन्छन् ।

नयाँ बानेश्वरको व्यस्त चोकमा ट्राफिक व्यवस्थापन गर्न 'पिक आवर' समयमा हम्मेहम्मे छ । गोविन्दका अनुसार बिहान र बेलुका सवारीको चापले पानी खाने समेत फुर्सद हुँदैन । तिर्खाएर रन्थनिँदा कहिलेकाहीँ पानीकै अभाव हुन्छ । आँखामा चस्मा त छ, छिनछिनमै धुलोले भरिन्छ । उनी ट्राफिक व्यवस्थापन गर्दा घरी चस्माको धुलो पुछ्छन् त घरी धुलाम्मे लुगा टक्टक्याउँछन् । बिहान सफा लगाएको कपडा बेलुका मैलो हुन्छ । उपत्यकाभित्रका मुख्य चोकमा खटिएका प्रहरी ट्राफिकका आ–आफ्नै कथा र व्यथा छन् । धुलो, धुँवासित जुध्नुका साथै सर्वसाधारणका दुर्व्यवहार पनि खेप्नुपर्छ ।

थापाथलीमा खटिएकी ट्राफिक प्रहरी अन्जु नेपालीका अनुसार सिट्ठी, हात दुवैको सहायताले नियम विपरीत चलेका सवारी साधन रोक्दा चालकले अटेर गर्ने गरेको अनुभव सुनाउँछिन् । 'सवारी रोकिहाले पनि दोहोरोतेहोरो कुरा गरेर झगडा गर्न खोज्छन्', मञ्जु थप्छिन्, 'तर पुरुष ट्राफिकसँग यस्तो अटेरी कम हुन्छ ।' ट्राफिक महिला भएकै कारण उनले पेसागत रुपमा सहनुपर्ने पीडा थुप्रै छन् । घन्टौँ उभिएर ड्युटीमा खटिइरहेको बेला शौचालय गर्न पनि सजिलो छैन । कपिलवस्तु घर भएकी प्रमिला थारू महिनावारीको समय अत्यन्त कठिन महसुस भएको बताउँछिन् ।

थापाथली चोकमा कार्यरत उनको सेनिटरी प्याड फेर्न शौचालय नहुँदा सास्ती खेप्नु परेको अनुभव छ । 'कुनै होटल वा ग्यारेजमा गएर शौचालय प्रयोग गर्नुपर्छ', उनले बताइन्, 'सधैँभरि अरूको शौचालयमा जाँदा निकै असजिलो महसुस हुन्छ ।'

सेनिटरी प्याड फेरेर कहाँ फाल्ने ? उनले यस्ता स–साना तर स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने महिला ट्राफिकका समस्या रहेको सुनाइन् । शौचालयकै झन्झटले पानी पर्याप्त खान नसकिने उनी बताउँछिन् । थापाथलीमै कार्यरत ट्राफिक वर्षा थारु गर्भवती छिन् । उनी तीन महिनाको गर्भसहित उत्साहका साथ ट्राफिक सेवा दिइरहेकी छन् । गर्भ बढ्दै गएपछि उनलाई काममा खटिन अलिक चुनौती थपिँदै गएको बताउँछिन् । केही साताअघि मात्रै चोकमा ड्युटीमा कार्यरत वर्षालाई रिङ्गटा लाग्यो ।

उभिएर चर्को घाममा काम गर्दा उनको शरीर थामिएन । 'रिङ्गटा लागेर भुईंमा थचक्क बसेछु' उहाँ भन्छन्, 'केहीबेरमा होस आयो, अनि कामतिर लागेँ ।' ट्राफिकको दायित्वमा फुर्सद भन्ने शब्द नै नरहेको उनी बताउँछन् । खाने पानी बोकेर ल्याउने सवारीसँग पानी माग्नुपर्ने बाध्यता रहेको ट्राफिक प्रहरी बताउँछन् । सार्वजनिक शौचालय नहुँदा शौच गर्न झन्झट खेप्नुपर्ने उनीहरुको अर्को समस्या हो । शौचालयको अभावले पेटभरि पानी खान नसकिने ट्राफिक प्रहरी बताउँछन् । 'चर्को घामले तिर्खा लाग्छ, पानी खाए शौचालय खोज्ने सास्ती', थारु भन्छिन् ।

**ट्राफिक प्रहरीको सहयोगी कसरी बन्ने ?**

यातायात व्यवस्थापनमा सेवा दिइरहेका प्रहरीले सर्वसाधारणबाटै सहयोग अपेक्षा गर्छन् । सर्वसाधारण र सवारी चालकले ट्राफिक नियम पालना गरिदिए शत्प्रतिशत कठिनाइ हट्ने ट्राफिक प्रहरी गोविन्दराज पन्त बताउँछन् । उनका अनुसार सर्वसाधारणले सकेसम्म आकासेपुल, जेब्राक्रसिङ् प्रयोग गर्नु भए, सवारी चालकले सचेत भएर सवारी चलाए ट्राफिकको आधै झन्झट सुल्झिन्छ । त्यस्तै, धुवाँ र धुलो उड्ने औद्योगिक क्षेत्र व्यवस्थित गर्नु, जीर्ण सडक मर्मत गर्नु, ट्राफिक लाइटको व्यापक प्रयोग गर्न सकिए ट्राफिक प्रहरीका दुःख निकै कम हुने एसपी विश्वराज खड्काले बताए । 'ट्राफिक व्यवस्थापन प्रविधिमैत्री बनाउन जरुरी छ', उनी भन्छन्, 'ट्राफिक लाइटको प्रयोग गर्ने, पुराना सवारी थन्काउने र ट्राफिक चेतना दिनसके हामी यति धेरै जोखिम उठाउनु पर्दैन ।'

संविधानको धारा, ३० मा मौलिक हकका रुपमा 'प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ्य वातावरणमा बाँच्न पाउने हक' को व्यवस्था छ ।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार सन् २०१८ मा वायु प्रदूषणका कारण नेपालमा ३७ हजार मानिसको मृत्यु भएको छ ।

नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले सन् २०१५ मा उपत्यकामा गरेको अध्ययनमा यहाँको धुलोमा हानिकारक कण रहेको फेला पारेको थियो । ट्राफिकको स्वास्थ्य परीक्षणमा पछिल्लो समय प्रदूषणकै कारण ट्राफिक प्रहरीमा छाला चिलाउने र उच्च रक्तचापको समस्या बढ्दै गएको छ ।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयको तथ्याङ्कअनुसार हाल उपत्यकाभित्र एक हजार सात सय ९७ जना ट्राफिक प्रहरी कार्यरत छन् । तीमध्ये पुरुष एक हजार पाँच सय ८४ र महिला दुई सय १३ छन् । ट्राफिक महिला सङ्ख्यामध्ये पाँचजना गर्भवती अवस्थामा छन् ।

गर्भवती ट्राफिक महिलाको स्वास्थ्यमा कार्यालय सचेत रहेको एसपी खड्काले जानकारी दिए । प्रहरीको नियमित जाँच गर्न सक्ने अवस्था नभए पनि आवश्यकताका आधारमा स्वास्थ्य जाँच हुन्छ । सामान्य जाँच गर्दा सामान्य असर देखिन्छ तर ट्राफिकको स्वास्थ्य प्रभाव दीर्घकालीन रुपमा पर्ने एसपी खड्क बताउँछन् । उनका अनुसार ट्राफिक महिलाप्रति अझै संवेदनशील क्षेत्र रहेको छ । गर्भवती ट्राफिक महिलाले सेवा प्रदान गर्दै स्वास्थ्य सन्तान जन्माउने वातावरण दिन चुनौती छ । भएको स्रोत र साधनबाट गर्भवती ट्राफिक महिलामैत्री परीक्षण गर्ने व्यवस्था मिलाएको उनी बताउँछन् । 'गर्भवती महिला ट्राफिकको प्रसूतिसम्बन्धी जाँच गर्ने व्यवस्था मिलाएका छौँ', उनी भन्छन् । चर्को प्रदूषणले ट्राफिक प्रहरीको स्वास्थ्यमा समस्या आइरहेको उनी सुनाउँछन् । धुलो र धुवाँका कारण ट्राफिक प्रहरीको आँखा पाक्ने, चिलाउने र छाती दुख्नेजस्ता समस्या उत्पन्न भएका छन् । पछिल्लो समय छालाको एलर्जी र उच्च रक्तचाप समेत देखिने गरेको उहाँले सुनाउनुभयो । सरकारले मास्क, चस्मा, पञ्जाजस्ता स्वास्थ्य सुरक्षाका साधन उपलब्ध गराए पनि ट्राफिक प्रहरीलाई प्रदूषणबाट बच्न कठिन छ । कार्यालय स्थानमा अझै पनि पूर्णरुपमा सकरात्मक विभेदको सिद्धान्त लागू नभएको अधिकारमर्मी बताउँछन् ।

अधिकारकर्मी मोहना अन्सारी गर्भवती हुनु सामान्य कुरा नभएको सुनाइन् । कुनै जीवनलाई जन्म दिने हो । यस्तो बेला मानसिक र शारीरिक रुपमा असर पर्छ । जुनसुकै काम कागजको महिला जो गर्भवती हुनुहुन्छ उहाँप्रति कार्यालयले सहज बनाउनुपर्ने उनले सुनाइन् । 'उहाँ प्रहरी मात्रै होइन, गर्भवती महिला पनि हुन भनेर संवेदनशीलता अपनाउनु पर्छ', अन्सारी भन्छिन्, 'कहिलेकाहीँ मानवीय दृष्टिकोणले संरक्षण गर्न नीति नै हुनुपर्छ ।' ,अन्सारीले गर्भवती प्रहरीको स्वास्थ्य ख्याल गर्दै लैङ्गिक नीति बनाउनुपर्ने बताइन् । वातावरणविज्ञ डा केदार रिजालका अनुसार ट्राफिक प्रहरीले ध्वनि र वायु प्रदूषणको असर भोग्नुपरेको छ । वायुमा पाइने पिएम २.५ माइक्रोग्राम अत्यन्त हानिकारक हुन्छ । यो अति सूक्ष्म कण हुन् । जुन नाक, मुखको माध्यमबाट सिधै फोक्सोमा पुग्छन् । फोक्सोमार्फत रगतमा मिसिएर छातीसम्बन्धी अनेक रोग देखा पर्न सक्छ । अर्को ध्वनि प्रदूषण हो असर हो । डा रिजालले ट्राफिक प्रहरीले घन्टौँ चर्को ध्वनिको सामना गर्दै काम गर्नुपर्ने हुँदा उहाँहरुको श्रवण क्षमता र मानसिकतामा समेत असर पर्न सक्ने खतरा भएको बताए ।

'चर्को ध्वनिले मानसिक तनाब बढी ल्याउछ', उनी भन्छन्, 'अनावश्यक हर्न जाउने प्रवृत्तिको पीडा ट्राफिक प्रहरीले सहनु परेको छ । उहाँहरुको स्वास्थ्यकै लागि भए पनि सवारी चालक सचेत भइदिनुपर्छ ।' त्यस्तै, ध्वनि प्रदूषणले खासगरी गर्भवती महिला ट्राफिक प्रहरीमा बढी असर पर्न सक्ने उनी बताउँछन् । त्यसै त गर्भवती अवस्था संवेदनशील विषय हो । चर्को हल्ला र धुलोमा घन्टौँ खटिनुपर्दा गर्भवती महिला अरूको तुलनामा धेरै प्रभावित हुने सम्भावना रहन्छ । सुरक्षा अपनाएर ड्युटी पूरा गर्न सकिने उनी बताउँछन् ।

# मेलम्ची खानेपानी आयोजना कति सुरक्षित ?



**रासस**
**काठमाडौँ ।**
मेलम्ची खानेपानी आयोजनाको अहिले (सिन्धुपाल्चोकको हेलम्बु)मा रहेको हेडवर्क्स करिब एक किलोमिटरमाथि सार्कस्थलीमा सार्ने गरी नयाँ स्थान प्रस्तावित गरिएको छ । हेलम्बुस्थित मेलम्ची खानेपानी आयोजना सुधारको काम अगाडि बढाउँदा विपत्को जोखिम बढी भएको भन्दै र लागत बढी लाग्ने भन्दै नयाँ स्थानमा हेडवर्क्स बनाउने तयारी गरिएको हो । खानेपानी तथा सरसफाई मन्त्रालयले मेलम्ची खानेपानी आयोजनालाई दिगो बनाउँदै बाह्रै महिना नै उपत्यकावासीको धारामा मेलम्चीको खानेपानी उपलब्ध गराउनका लागि आयोजना सुधारको कार्य अगाडि बढाउन लागेको हो । आयोजनालाई दिगो बनाउनका लागि नयाँ स्थानमा आयोजनाको हेडवर्क्स सार्नुको विकल्प नभएको विकास समितिको ठहर छ ।

हेडवर्क्स बनाउने भनिएको नयाँ स्थान तुलनात्मकरुपमा सुरक्षित रहेको रहेको अध्ययन समिति तथा मेलम्ची खानेपानी विकास समितिको दाबी छ । मेलम्ची खानेपानी विकास समितिका कार्यकारी निर्देशक जक्की अहमद अन्सारीले नयाँ हेडवर्क्स निर्माणका पहिचान गरिएको स्थान हाल हेडवर्क्स भएको स्थानबाट एक किलोमिटरको दूरीमा रहेको बताए । उनले उक्त स्थानमा एक किलोमिटरभन्दा कम लम्बाइको सुरुङ निर्माण गरे पुग्ने देखिएकाले सार्कस्थलीमै नयाँ हेडवर्क्सका लागि उपयुक्त रहेको जिकिर गरे । 'प्रस्तावित नयाँ स्थान हाल हेडवर्क्स रहेको स्थानभन्दा करिब एक सय मिटर उचाइमा छ । 'फ्लसिङ' प्रणालीबाट निर्माण गर्न सहज हुने तथा विगतमा जस्तै प्राकृतिक विपत् आएमा कम प्रभाव पर्ने अध्ययनले देखाएको छ', उनले भने, 'प्रस्तावित स्थानको दायाँ, बायाँ र पिँधमा समेत चट्टान अवस्थित रहेकाले दिगो हुने देखिएकाले प्रस्तावित नयाँ स्थान सुरक्षित छ ।'

उनले हरेक मनसुनको औसत बाढी र यस्तै किसिमको बाढीबाट संरचनामा कम प्रभाव पर्ने, हरेक वर्ष बर्सातको समयमा जम्मा हुनसक्ने ढुङ्गा, माटो र गेग्रानबाट पानी पथान्तरणमा प्रतिकूल असर नपर्ने देखिएको बताए । मेलम्ची खानेपानी आयोजनाको दिगो समाधानका लागि प्रारम्भिक अनुमानित खर्च चार अर्ब ५० करोड रुपैयाँ लाग्न सक्ने भन्दै उनले लागत व्यवस्थापनका लागि दातृ निकायसँग पनि अनुरोध गर्ने बताए । उनका अनुसार नयाँ हेडवर्क्स निर्माणका लागि पाँच वर्ष लाग्नेछ । अन्सारीले ग्राभेल र सेडिमेन्ट हटाउने प्रणाली सुरुङभित्रै निर्माण गर्ने, बाढीको कारणले निर्मित संरचनामा कुनै असर नपर्ने, प्रस्तावित नयाँ इन्टेकसम्म पुग्नो लागि सुरुङभित्रै मार्ग निर्माण गर्ने बताए । बर्सातको समयमा पनि रेखदेख, मर्मत र सम्भारमा समस्या नपर्ने, याङ्ग्रीबाट आउने सुरुङलाई पनि हालको मेलम्ची सुरुङमा सिधै जोडिने भएकाले कुनै एक नदीमा समस्या भएमा पनि अरू दुईवटा नदीबाट निरन्तररुपमा काठमाडौँ उपत्यकामा पानी प्रवाह गर्न सकिने उनको भनाइ छ । 'एसियाली विकास बैङ्कको प्राविधिक सहयोगमा बाढी आउनुको सम्भावित कारण र दिगो समाधानको उपायको सम्बन्धमा अध्ययन गरिएको छ', उनले भने, 'नयाँ हेडवर्क्सका लागि डिजाइन अवधारणा तयार गरी हेडवर्क्स निर्माणका लागि स्थान पहिचान गरिएको छ । विद्यमान हेडवर्क्सको दिगो उपयोगको सम्बन्धमा अध्ययन गर्ने र दिगो समाधानको अवधारणा अध्ययन गरी सोबारे राय दिने काम भइरहेको छ ।'

**हालको हेडवर्क्स प्रयोगमा समस्या**

हालको हेडवर्क्स प्रयोगका लागि खोलालाई १० किलोमिटरभन्दा बढी गहिराएर साबिककै सतहमा ल्याउनुपर्ने भएकाले अहिलेको स्थानमा हेडवर्क्स प्रयोग गर्दा थप समस्या उत्पन्न हुनसक्ने अन्सारीले बताए । 'हाल जम्मा भएको गेग्रानको करिब ७० देखि ८० प्रतिशतसम्म हटाउनुपर्ने र खोलामा जम्मा भएको गेग्रान एकपटक हटाए पनि हरेक वर्ष बर्षातको समयमा पुनः गेग्रान जम्मा हुने अवस्था आउनसक्छ', उनले भने, 'भूकम्प पश्चात हेडवर्क्सको विपरीत बायाँ किनारामा ठूलो पहिरो सक्रिय रहेकाले कुनै पनि समयमा हेडवर्क्समा क्षति गर्नसक्ने सम्भावना छ । साथै यस सवलीकरणका लागि ठूलो रकम आवश्यक पर्ने तर दिगो हुने सम्भावना कम छ ।' हाइड्रोलोजी विज्ञ तथा अध्ययन कार्यदल प्रमुख प्रा डा विष्णुप्रसाद पाण्डेले पनि हालको हेडवर्क्स पानी जम्ने स्थानमा पर्ने भएकाले हेडवर्क्स सञ्चालन गर्न चुनौती देखिएकाले नयाँ स्थानमा सार्नुपर्ने बताउँछन् । 'पुरानै स्थानमा हेडवर्क्स रहँदा फ्लसिङ सुविधाको व्यवस्था गर्नुपर्छ, निकास फ्लसिङ व्यवस्थाका लागि नदीको घुमाउरो एल प्रोफाइल परिमार्जन गर्न गाह्रो देखिने चुनौतीहरु छन्', उनले भने, 'बायाँ किनारमा पहिरोको स्थिरीकरणका लागि ठूलो लगानीको आवश्यकता पर्दछ, जुन लामो समयसम्म टिकाउ नहुन पनि सक्ने भएकाले अन्यत्र हेडवर्क्स सार्नु उपयुक्त हुन्छ ।' मेलम्ची खानेपानी आयोजनालाई स्थायी बनाउन मध्यकालीन र दीर्घकालीन समाधानको समेत प्रस्ताव गरिएको छ । 'दीर्घकालीन समस्या समाधानका लागि सार्कस्थलीमा नै आयोजना सार्नुको विकल्प छैन', पाण्डेले भने, 'मध्यकालीन समाधानका प्रस्तावित सबै उपायहरू डिजाइन÷लागू गर्न करिब साढे दुई वर्ष लाग्छ । बायाँ किनारबाट हुनसक्ने पहिरोसँग सम्बन्धित जोखिम भने कायमै रहन्छ ।' मेलम्चीमा यसअघि नै ठूलो मात्रामा लगानी भइसकेको र टनेल पूर्वाधारमा बजेटको ठूलो हिस्सा खर्च भएकाले पुरानै संरचना प्रयोग गरी हेडवर्क्स सार्नुपर्ने उनको सुझाव छ । 'सन् २०२१ को बाढीले हेडवर्क्समा क्षति पु¥याए पनि धेरै लागतमा निर्माण भएका टनेल तथा अन्य संरचनाहरु सुरक्षित छन् । ती संरचनालाई सदुपयोग गर्दै पहिले नै उपलब्ध पूर्वाधारको सदुपयोग गर्नु उपयुक्त हुन्छ', उनले भने । यद्यपि हेडवर्क्स सार्ने हालको प्रस्तावित नयाँ स्थान सुरक्षित रहेको भन्ने आधार नभएको भन्दै आलोचनासमेत भइरहेको छ । सिन्धुपाल्चोकस्थित हेलम्बु गाउँपालिका अध्यक्ष निमा ग्याल्जेन ह्योल्मोले खानेपानी तथा सरसफाइ मन्त्रालयले मेलम्ची खानेपानी आयोजनालाई दिगो व्यवस्थापन गर्दै बाह्रै महिना पानी ल्याउनका लागि सार्कस्थलीमा आयोजनाको हेडवर्क्स बनाउने तयारी गरिरहेका पनि उक्त स्थान पनि असुरक्षित रहेको उनको भनाइ छ । 'सार्कस्थली कसरी सुरक्षित हुन्छ ? सुरक्षित हुन्छ भनेर त्यहाँ आयोजना सार्नु गलत छ, मुहान सार्ने निर्णय गलत हो', उनले भने । गत साता मन्त्रालयले आयोजना गरेको दिगो व्यवस्थापनसम्बन्धी अन्तक्रियामा धारणा राख्दै अन्य सरोकारवालाहरुले पनि सार्कस्थली सुरक्षित भन्ने आधारको विषयमा प्रश्न उठाएका थिए । तीन दशकको पखाइपछि बनाइएको आयोजना अनिश्चित बनेसँगै उपभोक्तालाई खानेपानीको समस्या फेरि पनि झेल्नुपर्ने अवस्था आएको उनीहरुको भनाइ थियो । गत साउन २८ र २९ गते आएको बाढीले पहिलेको अस्थायी संरचनामा क्षति हुँदा मेलम्चीको खानेपानी आयोजनाबाट पानीको आपूर्ति बन्द गर्नुपरेको थियो । आयोजनाको अस्थायी सुधारभएपछि गत माघ १ गते उपत्यकामा खानेपानी वितरण भएको थियो ।

विज्ञहरुले भने कम जोखिमपूर्ण स्थानमा आयोजना निर्माण गर्न सुझाव दिएका छन् । विगतमा पनि मेलम्चीको भौगर्भिक अवस्थाबारेमा राम्रो अध्ययन नहुँदा मेलम्ची आयोजनामा समस्या भएको उनीहरुको भनाइ छ । भूगर्भविद् डा सुबोध ढकालले आयोजना सुधार कार्य प्रारम्भ गर्नुअघि नै प्रास्तावित नयाँ स्थान जोखिमपूर्ण रहेको वा नरहेको विषयमा गहन रुपमा अध्ययन गर्न सुझाव दिएका छन् । 'आयोजना क्षेत्रको मात्रै अध्ययन गरेर हुँदैन, तल्लो र माथिल्लो तटीय क्षेत्रको पनि अध्ययन गर्न जरुरी छ, पहिरोको सम्भावना कतिको छ ? विगतमा के भएको थियो ? कसरी विपत्मैत्री आयोजना निर्माण गर्ने विषयमा ध्यान दिनुपर्छ', उनले भने, 'यदि आयोजनामा फेरि पनि लापरबाही गर्न थालियो भने अब हेडवर्क्स स्थानान्तरण गर्दैमा आयोजना सुरक्षित हुने छैन ।' उपत्यकामा जनसङ्ख्याको बढ्दो चापसँगै खानेपानीको मागअनुसार आपूर्ति व्यवस्थापन सहज हुन सकिरहेको छैन । हाल मेलम्ची खानेपानी आयोजनाबाट दैनिक १७ करोड लिटर पानी वितरण भइरहेको छ ।

# विना सर्त रिहा गर्न माग

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल चिकित्सक संघले वीरगंजको नेशनल मेडिकल कलेज तथा शिक्षण अस्पतालबाट प्रबन्ध निर्देशक (एमडी) शहनवाज अन्सारीसँगै प्रहरीले पक्राउ गरेका ल्याब प्रमुख डाक्टर संजय साहलाई विना शर्त रिहा गर्न माग गरेको छ । गत सोमबार मेडिकल कलेजको ल्याबमा वीरगंज महानगरको अनुगमन समितिले अनुगमन गर्ने क्रममा म्याद सकिएका केमिकल लगायतका औषधि बरामद भएपछि प्रहरीले मेडिकल कलेजका एमडी अन्सारी र ल्याब प्रमुख डाक्टर साहलाई पक्राउ गरेको थियो । संघको नारायणी अञ्चल शाखाले एक विज्ञप्ति जारी गर्दै प्रहरीले अतिरञ्जित तरिकाले मानमर्दन हुने गरी डाक्टर साहलाई नियन्त्रणमा लिएर हिरासतमा राखेकोमा आपत्ति जनाउँदै साहलाई विना शर्त तत्काल रिहा गर्न माग गरेको हो । संघका सचिव डाक्टर नौशाद हकले जारी गरेको विज्ञप्तिमा भनिएको छ–'संघका आजिवन सदस्य समेत रहेका डाक्टर सन्जय साहको




मानमर्दन हुने गरि अपराधिक शैलीमा पक्राउ गरि लगेको घटनाको संघको गम्भीर ध्यानाकर्षण भएको छ ।' प्रहरी हिरासतमा रहेका डाक्टर साहलाई विना शर्त ससम्मान रिहा नगरिए संघर्ष गर्न बाध्य हुने चेतावनीपनि संघले दिएको छ । यसैबीच नेशनल मेडिकल कलेजका प्रबन्ध निर्देशक (एमडी) शाहनवाज अन्सारी र ल्याब प्रमुख सञ्जय साहलाई थप ५ दिन थुनामा राख्न अनुमति दिइएको छ । जिल्ला अदालत पर्साले नेशनल मेडिकल कलेजका एमडी अन्सारी र ल्याब प्रमुख साहलाई थप ५ दिन थुनामा राख्न अनुमति दिएको हो । वीरगंजस्थित नेशनल मेडिकल कलेजबाट सोमबार पक्राउ परेका दुवै जनामाथि जिल्ला अदालत पर्साले अनुसन्धान गर्न दोस्रो पटक बुधबार ५ दिनको म्याद थप गरेको हो । अस्पतालको ल्याबबाट म्याद नाघेका केमिकलसहित पक्राउ परेका एमडीसहित २ जनामाथि अनुसन्धान गर्न मंगलबार २ दिनको म्याद थप गरेको थियो । उपभोक्ता हित संरक्षण मञ्चले दिएको जाहेरीको आधारमा प्रहरीले उनीहरुविरुद्ध कालोबजारी तथा सामाजिक अपराधमा म्याद थप गरेको हो ।



**चन्द्रमाको दृश्य :** दाङको घोराही उपमहानगरपालिका–१५ स्थित काठेकोलबाट बुधबार देखिएको चन्द्रमाको दृश्य । तस्बिरः कुलदीप न्यौपाने/रासस

# 'हाइप्रोफाइल'को सम्पत्ति छानबिन माग

**मधेशदृष्टि**
**वीरगंज ।**
जनता समाजवादी पार्टी नेपालका प्रमुख सचेतक प्रदीप यादवले २०४७ सालपछि बनेका मन्त्री र प्रधानमन्त्रीहरुको सम्पत्ति छानबिनको पक्षमा आफनो पार्टी रहेको बताएका छन् । आज बसेको प्रतिनिधिसभाको बैठकमा बोल्दै पर्सा क्षेत्र नम्बर १ का सांसद समेत रहेका यादवले २०४७ साल यता अहिलेसम्म मन्त्री र प्रधानमन्त्रीहरुको सम्पति छानबिन हुनुपर्ने पक्षमा जसपा रहेको बताए । उनले गणतन्त्र आएपछि जनताले के पाए भनेर प्रश्न गर्दै गणतन्त्र आएको १७ वर्ष हुन लाग्दासमेत जनतामा निराशामात्रै छाएको उल्लेख गरे । पूर्वमन्त्री समेतरहेका यादवले नेताको मात्र हैन कर्मचारीतन्त्रको पनि सम्पत्ति छानबिन गरिनुपर्ने धारणा राखे । उनले सहकारीमा अर्बौं रकम आम नागरिकको डुबेको बताए ।

# भैरवको रथ भाँचिएपछि......

**रासस**
**भक्तपुर ।**
भक्तपुरमा आठ रात नौ दिनसम्म मनाइने बिस्का जात्राको पहिलो दिन पाँचतले मन्दिरस्थित टौमढीबाट तान्न सुरु गरेको प्यागोडा शैलीको भैरवनाथको रथ भाँचिएको छ । मङ्गलबार दिउँसो ३ बजेदेखि हजारौँ जात्रालुले तान्न सुरु गरेको रथ निरन्तर १३ घण्टासम्म तानेर माथिल्लो क्षेत्रको दत्तात्रयसम्म पुऱ्याइएको थियो । फर्काउँदा रथ बुधबार बिहान ३ बजे सुकुलढोकामा ल्याइपुऱ्याएको थियो । मङ्गलबार रातिनै रथलाई गःहिटी पुऱ्याएर पूजा गर्नुपर्नेमा सुकुलढोकामा नै छाडिएपछि बुधबार पुनः रथलाई तानेर गःहिटी नजिक ल्याइएको गुठी कार्यालय भक्तपुरकी प्रमुख खिमा वलीले जानकारी दिए । मङ्गलबार राति विगतका वर्षमा जस्तै तल्लो र माथिल्लो क्षेत्रका बासिन्दाले ढुङ्गा हानाहान गर्ने त्रास रहे पनि यस वर्ष शान्तिपूर्ण रुपमा पहिलो दिनको जात्रा सम्पन्न भएको थियो । तर चलनअनुसार रथलाई आज दिउँसो ३ बजेसम्म पनि गःपिहटी पुऱ्याउन सकिएन । रथ तान्ने क्रममा मुख्य तीन खामा भाँचिएर रथ बीचमै थन्किएको प्रमुख वलीले जानकारी दिए । उनले रथमा धेरै क्षति पुगेकाले मर्मत गर्ने कार्य जारी रहेको बताए । रथलाई पूर्ण बनाउन अझै एक साता समय लाग्ने छ । रथ जसरी पनि गःहिटी पुऱ्याएर पूजा गर्ने तथा यही चैत ३० गते ल्यासिंखेलमा लिङ्गो ठाउनु अगाडि पुऱ्याउन पर्ने बाध्यता छ । त्यसैले रथ पूर्ण नभई आंशिकरुपमा सञ्चालनमा आउने गरी मर्मत गरिरहेको प्रमुख वलीले जानकारी दिए । नियमानुसार चैत ३० गते भैरव र भद्रकालीको रथलाई गःहिटीबाट तानेर ल्यासिंखेल पुऱ्याएपछि मात्रै लिङ्गो उठाउने कार्य सुरु हुन्छ । आगामी वैशाख १ गते लिङ्गो ढालेपछि पुनः रथलाई ल्यासिंखेलबाट गःहिटी ल्याएर भैरव र भद्रकालीको रथ जुधाउने परम्परा छ । जात्रा सञ्चालनका क्रममा जथाभावी तान्दा रथ बिग्रिएर क्षति पुगेको र रथ तान्ने डोरीसमेत चोरी भएको प्रमुख वलीले बताए ।

# निशानसहितको डोली यात्रा निकालिदै

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको प्रमुख शक्तिपीठको रुपमा रहेको गहवामाई मन्दिर परिसरबाट पहिलो पटक निशानसहितको डोली यात्रा निकालिदैछ ।
चैत्र दशैंको अवसरमा आगामी बैशाख ४ गते मंगलबारका दिन निकालिने गहवामाईको निशानसहितको डोली यात्राको तयारी करिब पूरा भइसकेको माईस्थान सञ्चालक समितिका अध्यक्ष नरेन्द्र कुमार साहले जानकारी दिए । उनका अनुसार बैशाख ४ गते मंगलबारका दिन अपरान्ह ४ बजे गहवामाई मन्दिर परिसरबाट डोली यात्रा निकालिनेछ । त्यसअघि मन्दिर परिसरमै गहवामाईको निशानसहितको डोलीको पूजापाठ गरिने अध्यक्ष साहले बताए ।
मन्दिर परिसरबाट निस्किने डोली यात्रा माईस्थानको २ नम्बर रोडहुँदै रेशमकोठी, गणेशमान चोक, विर्तामाई मन्दिर, अलखिया मठबाट मेनरोड भएर महावीर मन्दिर, घन्टाघर चोक हुँदै साँझ ६ बजे गहवामाई मन्दिर प्राङ्गणमै पुगेर समापन हुने अध्यक्ष साहले बताए ।
यस्तै उक्त दिन गहवामाईको निशान लिन इच्छुक भक्तजनले ५०५ रुपैयाँ तिरेर निशान लिन सक्ने बताउँदै अध्यक्ष साहले उक्त निशानमा झण्डा, लगाउने पट्टा र प्रसादसमेत रहेको बताए । डोली यात्राका लागि समितिले चन्दा नठाएको भन्दै साहले ईच्छुक भक्तजनले आर्थिक सहयोग गर्न चाहे माईस्थान सञ्चालक समितिको कार्यालयमा आई सहयोग गर्न सक्ने बताए ।
पहिलो पटक निकालन लागिएको डोली यात्रामा करिब ८ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको अध्यक्ष साहले जानकारी दिए ।
उनका अनुसार, डोलीको निर्माणमा लागेको खर्च समितिका सह–कोषाध्यक्ष डाक्टर प्रमोद सर्राफले सहयोग गरेका छन् ।

# 'इदले बृहत् राष्ट्रिय एकताको सोच अभिवृद्धिमा प्रेरणा मिलोस्'

**मधेशदृष्टि**
**काठमाडौं ।**
राष्ट्रपति रामचन्द्र पौडेलले इद ९इद–उल–फित्र० पर्वले सम्पूर्ण नेपालीबीच आपसी समझदारी, दिगो शान्ति एवम् भाइचाराको भावनाका साथै बृहत् राष्ट्रिय एकताको सोच अभिवृद्धि गर्न प्रेरणा मिलोस् भनी शुभकामना व्यक्त गरेका छन् । इस्लाम धर्मावलम्बीको महान् चाड इद पर्वको अवसरमा शुभकामना सन्देश दिँदै राष्ट्रपति पौडेलले इद पर्वले मुस्लिम समुदायको आफ्नो मौलिक संस्कृति र परम्पराको संरक्षण, सम्वद्र्धन र विकास गर्न टेवा पुग्ने विश्वास व्यक्त गरे ।
'सामाजिक एवम्् सांस्कृतिक विविधताबीचको एकताले नै नेपाली राष्ट्रियतालाई सबल र सुदृढ बनाएको छ । यस पर्वको माध्यमबाट भाइचाराको भावनाका साथै बृहत् राष्ट्रिय एकताको सोच अभिवृद्धि गर्न प्रेरणा मिलोस् भनी कामना गर्दछु,' राष्ट्रपति पौडेलको शुभकामना सन्देशमा उल्लेख छ ।
राष्ट्रपति पौडेलले इद पर्वको सुखद् अवसरमा स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण नेपाली इस्लाम धर्मावलम्बी दिदीबहिनी तथा दाजुभाइमा सुख, शान्ति र समृद्धिका लागि शुभकामना व्यक्त गरेका छन् । इद पर्व मुस्लिम समुदायले आपसी रिस, राग र द्वेषलाई बिर्सेर आपसमा खुशियाली साटासाट गर्दै शुभकामना आदानप्रदान गरी हर्षोल्लासका साथ मनाउने गरिन्छ । इदमा विशेष नमाज समर्पण गरिसकेपछि आफूभन्दा ठूलाबडाबाट आशीर्वाद लिने र आफूभन्दा सानालाई आशीर्वाद दिँदै मिष्ठान्न परिकारसमेत खाने र खुवाउने परम्परा रहिआएको छ ।
यस्तै, प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले इस्लाम धर्मावलम्बीको महान् पर्व इद ९इद–उल–फित्र० को अवसरमा नेपालीबीच आपसी एकता, सहिष्णुता र सद्भाव कायम गरी न्यायपूर्ण तथा समृद्ध समाज निर्माण गर्न मद्दत पुग्ने विश्वास व्यक्त गरेका छन् ।
प्रधानमन्त्री दाहालले शुभकामना सन्देश जारी गर्दै इस्लाम धर्मावलम्बीको महान् पर्व इद ९इद–उल–फित्र०को अवसरमा स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण नेपाली इस्लाम धर्मावलम्बी दिदीबहिनी तथा दाजुभाइमा सुख, शान्ति र समृद्धिको शुभकामना व्यक्त गरेका छन् । उनले आपसी सद्भावको चाडको रुपमा मनाइने इदले सबै नेपालीबीच बन्धुत्वको भावना बढाउन, सामाजिक सद्भाव अभिवृद्धि गर्न योगदान पुग्ने तथा राष्ट्रिय एकता, समुन्नत एवम् समृद्ध नेपाल निर्माण गर्ने राष्ट्रिय अभियानका साथ प्रेरणा मिल्ने विश्वाससमेत लिएका छन् ।
'बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक विशेषतायुक्त नेपाल र नेपाली समाजका निम्ति इदुलगायतका पर्व कुनै समुदाय विशेषका मात्र नभएर राष्ट्रिय पर्वका रुपमा स्थापित भएका छन्,' प्रधानमन्त्री दाहालको शुभकामना सन्देशमा उल्लेख छ, 'हरेक चाडपर्वको आफ्नो ऐतिहासिक र विशिष्ट महत्व हुने गर्दछ, मानव जातिले जीवन वृत्तिका क्रममा प्राप्त गरेका अनुभव, शिक्षा र ज्ञानको समुच्चय प्रक्रियाबाट नै चाडपर्व विकसित र स्थापित हुँदै आएका छन् ।'
नेपालको धार्मिक विविधतालाई समृद्ध तुल्याउन तथा सहिष्णुता एवम् सहकार्यको संस्कृतिलाई सवलीकृत तुल्याउन इद पर्वको महत्वपूर्ण भूमिका रहँदै आएको र मान्यजनबाट आशीर्वाद लिने तथा आफ्ना आमदानीको केही अंश दान गर्नुपर्ने धार्मिक मान्यताले नेपाली समाजलाई सहयोगी तथा मानवीय बन्न उत्प्रेरित गरेको प्रधानमन्त्री दाहालको सन्देशमा उल्लेख छ ।
यस्तै, नेपाली कांग्रेसका सभापति एवम् पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले इद –उल–फित्र पर्वले नेपाली समाजमा धार्मिक सहिष्णुता र सद्भावना बढाउँदै आएको बताएका छन् ।
इस्लाम धर्मावलम्वीहरुको पवित्र पर्व 'ईद–उल–फित्र' का अवसरमा सुख, शान्ति एवम् समृद्धिको शुभकामना ९इद मुवारक० प्रकट गर्दै उनले यो पर्वले मुलुकमा शान्ति, सद्भाव र समृद्धि ल्याउन सबैलाई प्रेरणा दिने विश्वास व्यक्त गरे । 'नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक विशेषताले भरिपूर्ण देश हो । यहाँ विभिन्न जातजातिका आआफ्नै विशिष्ट परम्परा, धर्म, संस्कृति, रितिरिवाज र चाडपर्व छन् ।' सभापति देउवाले यही विविधता बीचको एकता नेपालीको विशिष्ट पहिचान भएको उल्लेख गरेका छन् । यी प्रत्येक पर्वहरुलाई सबैले आदर र सम्मान गर्ने हाम्रो आफ्नै सद्भावयुक्त परम्परा रहेको बताउँदै उनले त्यसमध्ये ईद–उल–फित्र पर्व पनि एक महत्वपूर्ण पर्व भएको उल्लेख गरे ।
सभापति देउवाले ईद–उल–फित्रले सम्पूर्ण जातजाति तथा धर्मावलम्बीहरुमा एकताको सन्देश दिन सफल हुन्छ भन्ने विश्वासका साथ इस्लाम धर्मावलम्बी दिदीबहिनी तथा दाजुभाईहरुमा शुभकामना व्यक्त गरेका छन् ।
यस्तै, प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले मुस्लिम समुदायको धार्मिक पर्व इद–उल फित्र ९इद० को अवसरमा स्वदेश तथा विदेशमा रहेका इस्लाम धर्मावलम्बीको सुख, शान्ति, सुस्वास्थ्य र समृद्धिका साथै उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गरेका छन् । सभामुख घिमिरेले जारी गरेको शुभकामना सन्देशमा भाइचारा र पारिवारिक मिलनको रुपमा मनाइने इद पर्वले राष्ट्र निर्माण, राष्ट्रिय एकता, धार्मिक सहिष्णुता, सामाजिक सद्भाव र आपसी मित्रतालाई सुदृढ गर्न मद्दत पुगेको उल्लेख छ ।
'विभिन्न जातजातिले आआफ्ना चाडपर्वमा सबै जाति र समुदायको उपस्थितिमा मनाएर धार्मिक–सांस्कृतिक एकतामा अभूतपूर्व नमुना पेस गरेका छन्,' सभामुख घिमिरेको शुभकामना सन्देशमा उल्लेख छ, 'यसले एक अर्काको सद्भावलाई बढाएको छ, इतिहासदेखि नै नेपाली एकता र विश्वास आगामी दिनमा अझै उचाइमा पुग्ने विश्वास लिएको छु ।' देश बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक एवम् भौगोलिक विविधतायुक्त मुलुक भएको र नेपालको संविधानले प्रत्येक व्यक्तिलाई आफ्नो धर्मको अवलम्बन र अभ्यास गर्ने अधिकारको व्यवस्था गरेको शुभकामना सन्देशमा भनिएको छ । 'कुनै पनि नागरिकलाई उसको धर्म वा आस्थाका आधारमा विभेद नगर्ने र राज्यका सबै नीतिमा समानता कायम गर्ने संविधानको लक्ष्य छ,' सभामुख घिमिरेको शुभकामना सन्देशमा भनिएको छ । नेपाली मुस्लिम समुदायले राजनीतिक आन्दोलन र मुलुक निर्माणमा ठूलो योगदान गर्दै आएको र त्यसकै प्रतिफलस्वरुप मुस्लिम समुदायलाई अगाडि बढाउन संवैधानिक आयोगको व्यवस्था गरिएको सभामुख घिमिरेले स्मरण गराए । यस्तै, मुस्लिम आयोगले इद ९इदुल फित्र० पर्वले राष्ट्रिय एकता, अखण्डता, आपसी मित्रता, सामाजिक र सांस्कृतिक तथा धार्मिक सहिष्णुता थप सुदृढ बनाउने विश्वास लिएको छ । आयोगका अध्यक्ष समिम मियाँ अन्सारीले इद पर्वको अवसरमा शुभकामना सन्देश जारी गर्दै यस पर्वले राष्ट्र निर्माण तथा विकासको गति तीव्ररुपमा अघि बढोस् र समृद्ध नेपाल सुखी नेपालीको परिकल्पना साकार होस् भन्ने शुभेच्छा व्यक्त गरेका छन् ।

# कर्फ्यू हट्यो

**मधेशदृष्टि**
**सुनसरी ।**
स्थानीय प्रशासनले सुनसरीका पाँच वटा पालिकामा लगाएको कर्फ्यू हटाएको छ । सुनसरीको हरिनगर गाउँपालिका र देवानगञ्ज गाउँपालिकासहित अन्य तीन पालिकामा लागेको कर्फ्यू हटेको हो । कर्फ्यू हटे पनि यी क्षेत्रमा भेला, जुलुस गर्न प्रतिबन्ध लगाइएको सुनसरीका प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यले जानकारी दिए । दुई समुहबीचको विवादले उग्र रुप लिएपछि गत शुक्रबार बेलुकाबाट कर्फ्यू लागेको थियो । शनिबार भएको सर्वदलीय बैठकमा दुवै पक्ष साम्य हुने सहमति भए पनि प्रदर्शन भएपछि पुनः कर्फ्यू लगाइएको थियो । स्थानीय प्रशासनले सुनसरीको हरिनगर र देवानगञ्ज गाउँपालिकामा पूर्णरुपमा कर्फ्यू र इनरुवा नगरपालिका, भोक्राहा नरसिंह गाउँपालिका र कोशी गाउँपालिकामा आंशिक रुपमा कर्फ्यू जारी गरेको थियो । सबै क्षेत्रको कर्फ्यू मंगलबार राति १२ बजेबाट हटेको छ ।

# अतिक्रमित जग्गाबारे गृहमन्त्रीलाई जानकारी

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम उपमहानगर पालिका वडा नं.२३ का वडा अध्यक्ष राघवेन्द्र साहले यस वडामा रहेको सार्वजनिक, एलानी, पर्ती र गुठीका जग्गाहरु संरक्षणकालागि गृहमन्त्री रवि लामिछानेलाई भेट गरेर जानकारी गराएका छन् । भेटका क्रममा उनले जिप्रका धनुषामा मिति फागुन २२ गते दर्ता गराएका ४३ वाट कित्ताको रेकर्ड, रामजानकी दुल्लाह भगवान वेला कुट्टीका जग्गाहरु अतिक्रमण गर्ने अतिक्रमकारीहरुद्वारा वडा कार्यालय र वडाध्यक्षमाथि उच्च अदालमा दर्ता गराएका मुद्दाको कागजात तथा सार्वजनिक जग्गाहरु संरक्षण र वडा भित्र विचौलियाहरुमाथि कार्यवाहीकोलागि वडाध्यक्ष साहको आग्रहमा मन्त्री लामिछानेले यथासिघ्र पहल गर्ने बताएका छन् ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२९१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२९९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन